## बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना संचालनका लागि जिल्ला स्तरका साझेदार संस्थाहरू

वातावरण संरक्षण तथा विकास मञ्च
ताप्लेजुङ

मानवअधिकार चेतना र विकास मञ्च,
पाँचथर

महिला जनचेतना केन्द्र, झापा

सामुदायिक विकास केन्द्र, धनकुटा

देउराली सोसाईटी, तेह्रथुम

समाज स्पर्श समिति, संखुवासभा

बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

मानव अधिकार मञ्च नेपाल, इलामद्धारा प्रकाशित बुलेटिन

# बाल आवाज

बर्ष - ३ अंक - १ फेब्रुवरी-मे, २०१७



## स्थानीय तह र बाल संरक्षणका सवालहरू

सुमन अधिकारी, बालअधिकार स्रोतव्यक्ति
केन्द्रीय बालकल्याण समिति



# बाल अधिकारका ४ पक्षहरु

**बाल बचावट**

जन्मेपछि परिचय, गास, बास, कपास, स्वच्छ पिउने पानी, आधारभूत स्वस्थ्योपचार लगायत ।

**बाल संरक्षण**

हेला, उत्पीडन, शोषण, दुर्व्यवहार, हानिकार काम, युद्धमा लगाउने कुराबाट सुरक्षित हुने । अनाथ, अपाङ्ग बालबालिकाका विशेष संरक्षण लगायत ।




**बाल विकास**

स्वच्छ वातावरणमा शिक्षा, मनोरञ्जन, खेल, रचनात्मक कार्य, विना भेदभाव सहयोग पाउने, जानकारी राख्ने लगायतका स्व-विकासका अधिकारहरु ।

**बाल सहभागिता**

आफ्ना कुरा सम्बन्धित ठाउँमा राख्न, बाल हकहित र विकासका लागि कार्य क्रममा भाग लिन, बाल संगठनहरु खोल्न र संगठित हुन पाउनु लगायत ।

## बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत
## मानव अधिकार मञ्च नेपाल, इलामद्वारा उत्पादित रेडियो कार्यक्रम

# शान्तिका लागि हाम्रो अभियान

**कार्यक्रममा बजाइने सामाग्रीहरु**

- गतिविधिहरु
- रेडियो रिर्पोट
- अर्न्तवार्ता
- जनआवाज लगायत



कार्यक्रम प्रस्तोताहरु : मनकुमार बराइली र कौशिला राई

**इलाम एफ.एम., इलाम**
सोमबार
बेलुकी ७:०० बजे

**ताप्लेजुङ्ग एफ.एम., ताप्लेजुङ्ग**
बिहीबार
बिहान ७:३० बजे

**सिंहलिला एफ.एम., पाँचथर**
शनिबार
बिहान ७:३० बजे

**कञ्चनजंघा एफ.एम.,**
मंगलबार
बिहान ७:०० बजे

**रेडियो मेन्छायम, तेह्रथुम**
शनिबार
बेलुकी ५:४५ बजे

**रेडियो मकालु, धनकुटा**
मंगलबार
बेलुकी ५:३० बजे

**रेडियो अरुण**
आइतबार
बेलुकी ६:३० बजे



## स्थानीय तह र बाल संरक्षणका सवालहरू

उपाध्यक्ष: मानवअधिकार मञ्च नेपाल पृष्ठ ३-७



### यस भित्रका अन्य सामाग्रीहरू :


- बाल क्लवको अगुवाईमा बालश्रमको अन्त्य पृष्ठ ६-७
- परियोजना गतिविधिहरु पृष्ठ ८-३५
- सफलताको कथा पृष्ठ ३५-३६



बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

**मानवअधिकार मञ्च नेपाल, इलामद्वारा प्रकाशित बुलेटिन**

# बाल आवाज

बर्ष - ३ अंक - १ फेब्रुवरी-मे, २०१७

**प्रकाशक**

मानव अधिकार मञ्च नेपाल, इलाम

**सहयोग**

DIE STERNSINGER KINDERMISSIONSWERK

**कार्यकारी सम्पादक:** रुद्र थेवे (९८४२७२७८७८)

**सम्पादन सहयोगीहरू:** याम लिम्बू (इलाम), हिमाल तिम्सिना (ताप्लेजुङ्ग), मणीकुमार लिम्बु (झापा), अर्पण मगर (पाँचथर), सावित्रा राई (धनकुटा), विन्दादेवी उप्रेती (तेह्रथुम), कालीबहादुर लिम्बु (संखुवासभा), मनकुमार बराइली (इलाम)

**कम्प्यूटर डिजाइन:** भक्त थामी (९८४२६३५८०५)

**मुद्रक:** आर. एस. पेपर प्रोडक्स, काठमाण्डौं

# सम्पादकीय

परिवर्तित राज्य प्रणालीमा वालबालिकाका सवालहरु थप नयाँ भएर आएका छन् । यसर्थ राज्यले प्रदान गरेका विभिन्न अधिकारहरु र पुन संरचना पछि वन्ने निर्वाचित स्थानीय, प्रादेशिक र संघीय सरकार र तीनका संयन्त्रहरुले राज्यले प्रदान गरेका ती सेवाहरुलाई निरन्तरता, प्रवर्धन र व्यवस्थापनको चुनौति देखिएको छ । पुन बालबालिकाका सवालहरु ओझेलमा पर्नेहुन कि ? भन्ने आशंका पलाएको छ । यसर्थ बालबालिकाका सवालहरुमा सबैले थप हातेमालो र सहकार्य गर्न आवश्यक भएर आएको छ।

मानव अधिकार मञ्च नेपाल, इलाम १८ बर्षअघिदेखि बालबालिकाको क्षेत्रमा पूर्वाञ्चल क्षेत्रका समुदाय तहमा रहेर बालबालिकाका सवालहरुमा सचेतना, क्षता विकास, वहस, पैरवी र आपदकालिन सहयोग जस्ता क्रियाकलापहरु गर्दै आइरहेको छ। संस्थाले आफ्ना अभियानहरुलाई निरन्तरता दिँदै अभियानका रुपमा अघि बढाएका कतिपय सवालहरु आजसम्म आइपुग्दा राज्यको नीतिको रुपमा कार्यान्वयन समेत भएको अवस्था छ, यो ठूलो सफलता हो।

यसै सन्दर्भमा, किन्डरमिसनरेक जर्मनीको सहयोगमा “बाल अधिकार तथा शान्ति शिक्षा” सम्बन्धी कार्यक्रम सन् २०१३ देखि सञ्चालित छ। कार्यक्रमका २ चरणहरु सकिएर हाल तेश्रो चरण (२०१६-२०१८)को पहिलो वर्षको अन्त्यमा आइपुग्दा स्थानीय आवश्यकता र प्रभावकारीताका कारण कार्यक्रम मेची र कोशी अञ्चलका ७ वटा जिल्लाका १०० गाविस नपा र विद्यालयहरुमा सञ्चालन हुने प्रकृयामा छ र यो वर्ष १०० वटा गाविस र विद्यालयमा लागु भएको छ। कार्यक्रमको क्षेत्र विस्तारसँगै कार्यक्रमलाई मञ्च सहित कार्यक्रम लागु भएका जिल्लाका ७ वटा संस्थाहरुको साझेदारी विस्तार भएको छ। यसर्थ यो कार्यक्रम ७ वटा संस्थाहरुको साझा कार्यक्रम बनिसकेको छ।

परिवर्तित राज्य प्रणालीमा वालबालिकाका सवालहरु थप नयाँ भएर आएका छन् । यसर्थ राज्यले प्रदान गरेका विभिन्न अधिकारहरु र पुन संरचना पछि वन्ने निर्वाचित स्थानीय, प्रादेशिक र संघीय सरकार र तीनका संयन्त्रहरुले राज्यले प्रदान गरेका ती सेवाहरुलाई निरन्तरता, प्रवर्धन र व्यवस्थापनको चुनौति देखिएको छ । पुन बालबालिकाका सवालहरु ओझेलमा पर्नेहुन कि ? भन्ने आशंका पलाएको छ । यसर्थ बालबालिकाका सवालहरुमा सबैले थप हातेमालो र सहकार्य गर्न आवश्यक भएर आएको छ।

कार्यक्रम अन्तर्गत प्रत्येक चौमासिकमा बालबालिकाका कुराहरुलाई समेटेर बुलेटिन प्रकाशन गर्ने कामलाई निरन्तरता दिँदै प्रकाशनको दोश्रो वर्षलाई निरन्तरता दिइएको छ र यो दोश्रो वर्षको अन्तिम अंक हो । आम पाठकहरुको निरन्तर मायाले तेश्रो वर्षको प्रकाशनलाई पनि निरन्तरता दिने अग्रीम जानकारी गराउँदछौ । यो निरन्तरता विगतका प्रकाशनहरु प्रति आएका सुझाव सल्लाह र सहयोगको निरन्तरता हो। अघिल्ला प्रकाशनहरुमा जस्तै हाम्रो बुलेटिनलाई पाठकहरुको उत्तिकै माया र सहयोग हुने छ भन्ने आशा राख्दछौं।

# स्थानीय तह र बाल संरक्षणका सवालहरु

**सुमन अधिकारी**
**बालअधिकार स्रोतव्यक्ति**
**केन्द्रीय बालकल्याण समिति**



नेपालको लोकतान्त्रिक आन्दोलन पश्चात प्राप्त भएको गणतन्त्र नेपाल र गणतन्त्र नेपालको संविधानले व्यवस्था गरे बमोजिम को राज्यको पुन:संरचनामा भएका व्यवस्था अनुसार हामीले स्थानीय तहहरु र प्रदेशहरु प्राप्त गरि सकेका छौ । २० वर्ष पछी आज स्थानीय शक्तिसाली तथा अधिकार सम्पन्न स्थानीय सरकार प्राप्त गरेका छौ । हाम्रा सामु अनेकौ समस्या तथा चुनौतीहरु छन । साथै प्रसस्त अवसरहरु पनि हाम्रा स्थानीय सरकारले ति चुनौतीहरुका माझवाट अवसरहरु खोज्न सकेको खण्डमा हामीले समुन्नत समाजको निर्माण गर्न सक्छौ । समुदायको मुल प्रवाहवाट अलग्गिएका महिला बालबालिका, अपांगता भएका, जेष्ठ नागरीकहरु, तेस्रो लिंगी समुदाय अल्पसंख्यक समुदायहरुको अधिकार स्थापित गरि संरक्षण गर्न अव स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी हो । यहाँ स्थानीय तहमा बाल संरक्षणका सवालहरुको चर्चा गर्न खोजिएको छ ।

## सर्व प्रथम को हुन बालबालिका, के हो बालअधिकार ?

**क. अवस्थाको आधारमा:**

शारिरीक, मानसिक, बौद्धिक तथा संवेगात्मक रुपले परिपक्क भई नसकेको कम उमेरका सवै व्यक्तिलाई बालबालिका भनिन्छ ।

**ख. कानुनी आधार (उमेर)**

बालबालिका सम्वन्धि महासन्धि (१९८९): अनुसार कुनै पनि राष्ट्रिय कानूनमा तोकिएको मा बाहेक १८ वर्ष मुनिका सवै व्यक्तिलाई संझनु पर्दछ ।

**बालबालिका सम्वन्धि ऐन २०४८:** अनुसार १६ वर्ष उमेर पुरा नभएको व्यक्तिलाई बालबालिका भनिन्छ । बालबालिकालाई कुनैपनि अवस्थामा कुनैपनि प्रकारले विभेद नगरि उनिहरुको सर्वोत्तम हित हुने गरी बालबालिकाहरुको अर्थपूर्ण सहभागितामा सर्वागिण विकास गराउनु बालअधिकार हो । बालअधिकार सम्वन्धी महासन्धि सन १९८९ को बालअधिकार सम्वन्धि आधारभुत सिद्धान्तले माथीका कुराहरुलाई थप पुष्टि पार्ने कार्य गर्दछ ।

> बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो ।

## बालसंरक्षण के हो ?

बालबालिकाविरुद्ध हुने सबै प्रकारका हानि वा जोखिमहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालबालिकाविरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा (शारीरिक, मानसिक), शोषण (शारीरिक, यौन, श्रम) बेवास्ता र उपेक्षा वा हेलचेक्र्याइँ, अपहरण तथा अन्य हानिकारक अभ्यासहरूले बालबालिकामा तत्कालिन र दीर्घकालिन हानी पुग्दछ । नेपालले सन् १९९० मा अनुमोदन गरेको संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि, १९८९ मा उल्लेख भएका बालअधिकारका चार क्षेत्रहरूमा बाल बचाउ, बालबालिकाको संरक्षण, बालविकास र बालसहभागिता पर्दछन् ।

## बालसंरक्षण सम्बन्धी कार्यहरू अन्तर्गत निम्न कार्यहरू पर्दछन्:

(१) बालसंरक्षणसँग सम्बन्धित समस्याका कारक तत्वलाई सम्बोधन गरिने रोकथाममूलक कार्यहरू

(२) जोखिममा रहेका बालबालिका तथा परिवार पहिचान गरी जोखिम न्यूनीकरण तथा तुरुन्त समस्या सम्बोधनका लागि सहयोग, हस्तक्षेप

(३) कुनै बालबालिकामाथि बालसंरक्षण सम्बन्धी कुनै समस्या उत्पन्न भएमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिँदै सम्बन्धित बालबालिका तथा परिवारलाई विभिन्न सहयोग तथा घटनाको उचित व्यवस्थापन जस्ता समग्र कार्यहरू पर्दछन् ।

अतः बालबालिकाको संरक्षणका लागि उनीहरूलाई हानि पुऱ्याउने सम्भावित जोखिम के के हुन् ? ती जोखिम कसरी आइपर्छन् ? विभिन्न उमेर समूह, लिङ्ग तथा विभिन्न सामाजिक स्तर वा परिस्थितिमा रहेका बालबालिकालाई कस्तो असर पार्छ ? त्यस्ता जोखिमलाई न्यूनीकरण गर्न र बालबालिकाविरुद्ध हुन सक्ने नराम्रा कार्यलाई रोक्नका निमित्त सबै निकाय सम्वेदनशील हुनुको साथै बालसंरक्षण सम्बन्धी कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक हुन्छ ।

## नेपालको संविधानमा बालसंरक्षण सम्बन्धी के कस्ता मौलिक हकहरू उल्लेख भएका छन्?

नेपालको संविधानको धारा ३९ मा बालसंरक्षण तथा बालबालिकाका अन्य अधिकारसँग सम्बन्धित निम्न अधिकारहरू उल्लेख भएका छन्:

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०) उपधारा ४,५,६ र ७ विपरित कार्य कानुन बमोजिम दण्डनीय हुनेछन र त्यस्तो कार्यवाट पिडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## कस्ता बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ ?

सामान्यतयाः सबै बालबालिकालाई संरक्षण पाउने अधिकार छ । तर निम्न उल्लेखित अवस्थाका बालबालिका भने तुलनात्मक रूपमा बढी जोखिममा रहने हुँदा विशेष संरक्षण तथा सहयोगको आवश्यकता पर्ने हुँदा विशेष ध्यान एवम् सहयोग दिनु पर्दछः

(क) आमाबाबु, अभिभावकविहीन (अनाथ) बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानुनी विवादमा परेका बालबालिकामध्ये

वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिकाविरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका

(ठ) परित्यक्त तथा सडकमा आश्रित बालबालिका

(ड) कानुन बमोजिम तोकिएका अन्य बालबालिका

## स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी जिम्मेवारीहरू के रहन्छन त ?

कार्य विस्तृतीकरण प्रतिवेदन तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ मा स्थानीय तहको बालसंरक्षणको सम्बन्धमा जिम्मेवारीहरू तोकिएका छन् ।

- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- स्थानीयस्तरमा बालबालिकाको हकहित संरक्षण
- स्थानीयस्तरमा बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, स्थानीय बालसंरक्षण समिति र बाल सञ्जाल
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी संघ, प्रदेश, निकाय र संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- स्थानीयस्तरमा बालबालिका परिवार सहयोग
- स्थानीयस्तरमा वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- स्थानीयस्तरमा बाल न्याय
- स्थानीयस्तरमा बाल गृहरपुनर्स्थापन केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन
- स्थानीय स्तरमा सडक बालबालिका व्यवस्थापन
- स्थानीय स्तरमा बालबालिकाको हिंसा नियन्त्रण
- बालसुधार तथा पुनर्स्थापना केन्द्र स्थापना, सञ्चालन, अनुमति र नियमन
- आपत्कालिन बाल उद्धार कोष स्थापना र व्यवस्थापन
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असहाय बालबालिकाका र एकल महिला सम्बन्धी कार्य

## स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४

- अपाङ्गता भएका व्यक्ति, असहाय, बेवारिस, असक्त तथा सडक बालबालिका सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण योजना, कार्यान्वयन, अनुगमन र नियमन

  (अनुसूची/३, उपदफा (२)(१६)(१)
- अपाङ्गता पुर्नस्थापना केन्द्र, सडक बालबालिका पुर्नस्थापना केन्द्र, असक्त तथा असहाय संरक्षण केन्द्रको सञ्चालन र व्यवस्थापन

  (अनुसूची/३, उपदफा (२)(१६)(६)
- वडालाई बालमैत्री बनाउने

  (अनुसूची/४, उपदफा (२)(ग)(२९)/वडा
- गाउँपालिका र नगरपालिकाको कार्य जिम्मेवारी नेपालको संविधान, नेपाल सरकार (मन्त्रिपरिषद्)

बाट स्वीकृत कार्य/विस्तृतीकरण प्रतिवेदन तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

(अनुसूची(३, उपदफा (१)

## स्थानीय तहमा बाल संरक्षणको संरचना कस्तो हुनुपर्छ ?

विगतमा नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले जारी गरेको बालसंरक्षण कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयलले लागु गरेको बालमैत्री स्थानीय शासन रणनीति र कार्यविधी २०६८ अनुसार जिल्ला तथा तत्कालिन नगर तथा गाउँ विकास समितिमा बालसंरक्षण समिति तथा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई कार्य गरिरहेका थिए । यि संयन्त्रहरु विचमा विगतमा कार्य जिम्मेवारीका विषयमा विवाद नभएको पनि होईन तर यि दुवै संयन्त्रको कार्य जिम्मेवारी प्रष्ट थियो । बालसंरक्षण समितिहरु कार्य सम्पादन गर्न र विशेष रुपमा बाल संरक्षणका सवालहरुमा कार्य गर्न सक्ने संयन्त्रहरु थिए । बालमैत्री स्थानीय शासन समिति नीतिगत व्यवस्था गर्न तथा नीतिगत निर्णय गर्ने संयन्त्र थियो । तसर्थ यि दुवै संयन्त्रहरु विशिष्टकृत रुपमा कार्य गर्न सक्ने थिए । तर अवको अवस्थामा यि दुवै संयन्त्रहरुको पुर्नसंरचना हुन जरुरी छ । खासमा बालमैत्री स्थानीय शासनले परिकल्पना गरेका सुचकहरु पुरा गर्नका लागि स्थानीय तहमा सवल र अधिकार सम्पन्न बालअधिकार सम्वन्धि संरचना तयार गरी सोही मार्फत कार्यान्वयन गर्नुपर्दछ । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले बालक्लवहरुको व्यवस्थापन सञ्चालन नियमन गर्नका लागि स्थानीय तहहरुलाई अधिकार दिईसकेपछि समग्र बालबालिकाको विषयमा कार्य गर्न अव स्थानीय तहमा नै बालअधिकार सम्वन्धि संयन्त्र निर्माण गरिनु पर्दछ ।

### ती संयन्त्रहरुले के कार्य गर्ने त ?

**बालसंरक्षणका सवालहरूको रोकथाम**

**(क) सचेतना**

- बालसंरक्षणका सवाल, सम्बन्धित कानुन तथा उपलब्ध सेवाहरूको बारेमा चेतना अभिवृद्धि गर्ने
- हानिकारक अभ्यास तथा प्रथाहरू (जस्तै बालविवाह, लैङ्गिक भेदभाव, अनुशासनको नाममा सजाय) को अन्त्य गर्नको लागि आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- बालसंरक्षणका सवालहरू पहिचान गर्न तथा सोको सूचना दिनको लागि समुदायमा आधारित समूह तथा संयन्त्रहरूलाई प्रोत्साहित गर्ने

- **आधारभूत सेवाहरू**
- बालसंरक्षणका विभिन्न सवालहरूको सम्बोधन हुने सामाजिक सुरक्षा, जन्मदर्ता, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, जस्ता आधारभूत सेवाहरू सबै बालबालिका तथा परिवारको लागि सुनिश्चित गर्ने
- **राम्रा अभ्यासहरूको प्रबर्धन**
- आमाबाबु विहीन बालबालिकाको लागि परिवा, आफन्त तथा नातेदारमा आधारित स्याहार तथा धर्मपुत्ररधर्मपुत्री प्रवर्द्धन गर्ने, त्यस्तो परिवारलाई सहयोग गर्ने

**ख. जोखिम न्यूनीकरण तथा शीघ्र हस्तक्षेप (सहयोग)**

**अभिभावक शिक्षा**

- बाल-विकास, बालबालिकाको उचित हेरचाह तथा अभिभावक र बालबालिकाबीचको सम्बन्धको बारेमा अभिभावक शिक्षा सञ्चालन गर्ने
- **बालबालिका तथा परिवारको पहिचान**
- आमाबाबुविहीन बालबालिका लगायत अन्य विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने, जानकारी हासिल गर्ने र अनुगमन गर्ने
- **परिवार सहयोग तथा सामाजिक सुरक्षा**

- बालबालिकालाई परिवारबाट अनावश्यक रूपमा अलग हुनबाट रोकथाम गर्न तथा जोखिममा रहेका बालबालिका तथा परिवारको लागि परिवार सहयोग तथा सामाजिक सुरक्षा (जस्तै अनुदान, व्यवसाय स्थापना, स्वरोजगार, लघुवित्त, गरिबी निवारण कार्यक्रम) प्रदान गर्ने र उनीहरूको सामाजिक कार्यकर्ताले अनुगमन गर्ने
- विभिन्न क्षेत्र तथा निकायबीच सम्प्रेषण तथा सहकार्य
- स्वास्थ्य, शिक्षा, सुरक्षा, न्याय लगायत अन्य सेवा प्रदायकहरूले समेत बालसंरक्षणका सवाल भएका वा हुन सक्ने बालबालिकाको पहिचान गरी बाल कल्याण अधिकारीलाई जानकारी गराउने व्यवस्था कायम गर्ने

  (उदाहरणको लागि विद्यालयमा उपस्थित हुन छाडेका बालबालिका बालश्रम, बेचबिखन वा बालविवाहमा पारिएका हुन सक्छन् ।)

**ग. कुनै सवाल उत्पन्न भएमा प्रतिक्रिया, सम्बोधन तथा घटनाको व्यवस्थापन**

- **सामाजिक कार्यकर्ताको व्यवस्था**
- बालसंरक्षण सम्बन्धी सवाल तथा घटनाको व्यवस्थापन गरी बालबालिका तथा परिवारलाई सहयोग गर्नको लागि अधिकार प्राप्त बाल कल्याण अधिकारीको निर्देशनमा स्थानीय तहमा बालबालिकाको सर्वोत्तम हितको लागि कार्य गर्ने गरी सामाजिक कार्यकर्ता (घटना व्यवस्थापक) नियुक्त गर्ने
- **घटनाको व्यवस्थापनका लागि सेवाहरूको विस्तार, सञ्चालन तथा अनुगमन**
- हिंसा, शोषण वा दुर्व्यवहारमा परेका वा अन्य बालसंरक्षण सम्बन्धी समस्या भएका बालबालिकालाई आवश्यक पर्ने सेवाहरू स्थापना तथा सञ्चालन गर्ने, जस्तै (तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानुनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, अन्य प्रशासनिक सहजीकरण, आदि)
- सिफारिस प्रणाली, सेवाहरूको मापदण्ड निर्धारण गर्ने तथा अनुगमन गर्ने
- विशिष्टीकृत सेवाहरूको लागि गैरसरकारी सेवा प्रदायकहरू सूचीकृत गरी सेवा खरिद गर्ने
- बालसंरक्षणका सवाल भएका बालबालिकाको लागि कानुनले तोकेको बाल कल्याण अधिकारी तथा सामाजिक कार्यकर्ता मार्फत घटना व्यवस्थापन तथा सेवा उपलब्ध गराउने,
- अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय तथा सिफारिस गर्ने कार्यमा रोक लगाउन ।

यि निर्दिष्ट गरिएका कार्यहरु पुरा गर्नका लागि स्थानीय तहले पुरा जिम्मेवारी लिई सम्पादन गर्नु पर्ने देखिन्छ । स्थानीय तहमा बालबालिका सम्वन्धि नीति तथा योजना निर्माण, कार्यान्वयन अनुगमन मुल्यांकन सम्मको कार्य गर्नका लागि स्थानीय तहले अव बालबालिका सम्वन्धि संयन्त्र निर्माण गरी सो को परिचालन गरिनु पर्दछ ।

**सन्दर्भ सामाग्रीहरु**

*नेपालको संविधान*

*बालबालिका अन्तराष्ट्रिय महासन्धि १९८९*

*बालबालिका सम्वन्धि ऐन २०४८*

*नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत कार्य/विस्तृतीकरण प्रतिवेदन*

*स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४*

*केन्द्रीय बालकल्याण समितिको स्थानीय तहमा बालसंरक्षण*

# परियोजना अन्तर्गतका गतिविधिहरु

## तेह्रथुम जिल्ला

### १. गाउं बाल संरक्षाण तथा सम्वर्द्धन उपसमितिलाई ३ दिने तालिम:

बालसंरक्षण तथा संम्बर्धन उपसमितिका लागी ३ दिने तालिम साविक इसिब र सम्दु, गाबिसमा सम्पन्न




भएको छ। तालिममा देउराली सोसाइटी र मानब अधिकार मञ्चको संस्थागत परिचय, मानब अधिकार र बाल अधिकार, बाल दूर्व्यबहार, स्थानीय निकायले बालअधिकारको क्षेत्रमा बिनियोजित १० प्रतिशत बजेट र यसको कार्यन्वयन प्रकृया, बालसंरक्षण समिति, बालमैत्री स्थानिय शासन समिति र बालक्लब बिचको अर्न्तसम्बन्ध, बालबालिकाको सर्बोत्तम हित बालसंरक्षण समितिको काम कर्तब्य र अधिकार, बालसंरक्षण सम्बर्धन उपसमितिको कार्ययोजना निर्माण लगायतका बिषयमा देउराली सोसाइटीका सचिब प्रेमचन्द्र निंलेखू र गाबिस सचिव दुर्गा प्रसाद भण्डारीले सहजीकरण गर्नुभएको थियो ।

### २. बालक्लबको लागी ३ दिने तालिम कार्यक्रम :

सम्दू माध्यमिक बिद्यालय, भगवति माध्यमिक बिद्यालयमा ओखे, सरस्वति माबि हमरजुङ, इसिबु माबि, सिद्धकाली माबि ओयाक्जुङ सिद्धकालीका बालक्लबको लागि ३ दिने तालिम सम्पन्न भएको छ। तालिममा मानबअधिकार, बालअधिकार, बालबिबाह, बालदुर्व्यबहार, बालक्लबको काम कर्तब्य र अधिकार, बालअधिकार संरक्षण सम्बर्धन र प्रबधंनमा सरोकारवालाहरुको भुमिका, स्थानिय निकायमा बालबालिकाको लागी बिनियोजित बजेट र यसको कार्यन्वयन प्रकृया, माइन्युट लेखन प्रकृया, संबिधान र बालबालिका,बालबालिकामा लगानि किन,बालबालिका शान्ति क्षेत्र र राष्ट्रिय अभियान लगायतका बिषयमा देउराली सोसाइटीका सदस्य तथा बिद्यालयका श्रोतब्यक्ति प्रेम प्रसाद भट्राइ र कार्यक्रम संयोजक बिन्दा उप्रेतीले सहजीकरण गर्नुभएको थियो ।

### ३. गाबिसस्तरीय बालसंञ्जालका लागी १ दिने अभिमुखीकरण कार्यक्रम:

साविक ओयाक्जुङ, छथरको ओखे, हमरजुङ, सम्दू गाबिस र फेदाप फेदाप गाउँपालिका वडा नं. ५ मा बालसंञ्जालका लागि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा बाल अधिकार, बाल बालिका सम्बन्धी कानुनहरु, बाल बिबाह, बालमैत्री



स्थनीय शासन, बालबालिकाको लागि बिनियोजित बजेटबाट भएको उपलब्धी गायतका बिषयमा छलफल गरिएको थियो। कार्यक्रमको सहजीकरण देउराली सोसाइटीका सचिव प्रेमचन्द्र निंलेखूले गर्नु भएको थियो। अभिमुखीकरण कार्यक्रम बालसंरक्षण समितिका अध्यक्षको अध्यक्षतामा सम्पन्न भएको थियो।

## ४. बिद्यालयस्तरीय सेयरीङ बैठक:

मिति २०७४ बैशाख २२ गते महाकाली माबि पुल्दुङ सिम्लेमा निशा भण्डारीको अध्यक्षतामा बिद्यालय स्तरीय सेयरीङ बैठक सम्पन्न भएको छ। कार्यक्रममा बिद्यालयका प्रधानाध्यापक बालक्लबका पदाधिकारी तथा सदस्यहरु लगायतको उपस्थिति रहेको थियो। बैशाख २५ गते सम्दू मा.बि .मा बाल संरक्षण समितिका उपाध्यक्ष लाल बहादुर बिकको अध्यक्षतामा बिद्यालय स्तरीय सेयरीङ बैठक सम्पन्न भएको छ। कार्यक्रममा बिद्यालयका प्रधानाध्यापक धनीचन्द्र लिम्बु, बाल क्लबका प्रतिनिधिहरु, स्थानिय सामाजिक परिचालकहरु लगायतको सहभागीता रहेको थियो। कार्यक्रमको सहजीकरण संरक्षक शिक्षक लिलानाथ घिमिरेले सहजीकरण गर्नुभएको थियो। बैशाख २६ गते इसिबू माध्यमिक बिद्यालयमा बिद्यालयस्तरीय सेयरीङ बैठक बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष महेन्द्र कुमार फोम्बोको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा बिद्यालयका प्रधानाध्यापक राम प्रसाद तिम्सीना, बालक्लबका प्रतिनिधिहरु, लगायतको सहभागीता रहेको थियो। कार्यक्रमको सहजीकरण संरक्षक शिक्षक कमला उप्रेतीले गर्नुभएको थियो।

## ५. कार्यक्रमको दिगोपना बिषयको छलफल :

१. २०७४ जेष्ठ २ गते शंकर माबि जलजलेमा २०७४ जेठ ३ गते महाकाली माबि सिम्लेमा, २०७४ जेठ १६ गते सिंहबाहिनि माबि दागपामा कार्यक्रमको दिगोपना बिषयक १ दिने अर्न्तक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा बिगत्मा संस्थाबाट संचालन गरिएका गतिबिधिको बिषयमा जानकारी आदान प्रदान गर्नुका साथै बालक्लबले संचालन गरेका गतिबिधि, बिद्यालयले गरेका गतिबिधि, बालसंरक्षण समितिले बालबालिकाको क्षेत्रमा गरीएका कामहरु गाबिस तथा सामाजिक परिचालकले बालबालिकाको क्षेत्रमा सम्पादन गरेका कामहरु लगायतका बिषयमा छलफल कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा बिद्यालयका प्रधानाध्यापक, बालक्लबका पदाधिकारी तथा सदस्यहरु, स्थानिय सामाजिक परिचालकहरु,बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष,शिक्षक,गाबिस सचिव लगायतको उपस्थिति रहेको थियो। उक्त अर्न्तक्रियात्मक कार्यक्रमको सहजीकरण देउराली सोसाइटीका सचिव प्रेमचन्द्र निंलेखू र कार्यक्रम संयोजक बिन्दा उप्रेतीले सहजीकरण गर्नुभएको थियो।

## ६. पुस्तकालय ब्यवस्थापन तथा भित्तेपत्रिका प्रकाशन तालिम

बैशाख २७ र २८ गते २ दिने पुस्तकालय ब्यवस्थापन तथा भित्तेपत्रिका प्रकाशन तालिम देउराली सोसाइटीको हलमा सम्पन्न भएको छ। कार्यक्रममा जिल्लाको १ बिद्यालयका २ बिध्यार्थी १ जना शिक्षक गरी ३ जनाको दरले ५ वटा बिद्यालयका १५ जनाको



सहभागीता रहेको थियो । उक्त तालिममा पुस्तक व्यवस्थापन, पुस्तकालयको अवधारणा र महत्व, रजिष्टार निर्माण र अभिलेखन, पुस्तक व्यवस्थापन, भित्तेपत्रिकाका बिधाहरु, भित्तेपत्रिकामा समेटिने बिषयहरु,समाचार लेखन अभ्यास, भित्तेपत्रिका तयारी अभ्यास लगायतका बिषयमा जिल्ला शिक्षा कार्यलयका बिद्यालय निरीक्षक मणिराम तामाङ र रेडीयो मेन्छ्यायेम्का स्टेशन मेनेजर प्रेमचन्द्र निंलेखूले सहजीकरण गर्नु भएको थियो । तालिम पश्चात् बालक्लबको अतिरित्त क्रियाकलाप संचालनका लागि दह हजारका दरले बितरण गर्नुका साथै भित्ते पत्रिका प्रकाशनका लागी आवश्यक सामाग्री समेत बितरण गरीएको थियो । कार्यक्रम संचालन कार्यक्रम संयोजक बिन्दा उप्रेतीले गर्नुभएको थियो । कार्यक्रम देउराली सोसाइटीका अध्यक्ष दिनेश प्रसाद खनालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रम किन्डर मिसनरेक जर्मनीको आर्थिक सहयोगमा मानब अधिकार मञ्च इलाम र देउराली सोसाइटी तेह्रथुमले संयुक्त रुपमा आयोजना गरेको हो ।

### ७. संरक्षक शिक्षकसंगको सेयरीङ बैठक

जेष्ठ २० गते बिद्यालयका संरक्षक शिक्षकहरु संगको बैठक देउराली सोसाइटीको हलमा सम्पन्न भएको थियो । बैठकमा बालक्लब गठन तथा अध्यावधिक,बालक्लबले संचालन गरेका क्रियाकलाप, बिद्यालयले संचालन गरेका अतिरीक्त क्रियाकलाप, बालभित्तेपत्रिका प्रकाशनको बिषयमा भएको प्रगति, कार्यक्रम संचालनमा बिद्यालयले गरेको सहयोग, स्थानिय तहको निर्बाचनमा बालबालिका प्रयोग हुनबाट रोक्न बिद्यालयले बनाएको बार्षिक कार्ययोजना लगायतका बिषयमा देउराली सोसाइटीका अध्यक्ष दिनेश प्रसाद खनालले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा कार्यक्रम संचालित ५ वटै बिद्यालयका संरक्षक शिक्षकहरुको सहभागीता रहेको थियो । कार्यक्रम संचालन बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रम संयोजक बिन्दा उप्रेतीले गर्नुभएको थियो ।

कविता

## बालअधिकार

**रक्षा खतिवडा**

सुरक्षित जन्म पाउनु बाल अधिकार
माया,ममता शिक्षा पाउनु बाल अधिकार
सन्तुलित भोजन पाउनु बाल अधिकार
खेल्न पाउनु सरसफाइ बाल अधिकार(२)

बालमैत्री बातावरण आमाबुबा साथी
बिद्यालय ज्ञानको मन्दिर गुरुहरु साथी
कुनै डर भेदभाव नहोस् सधै हामी माथी(२)

धनी भएनी गरीब भएनी सहर या गाउ
मङगोलियन,आर्यन,दलित सबै एकजुट होउ
बालश्रम, बालबिबाह,छाउपडि प्रथा
सडकमा बाच्ने जिवन अन्त्य गरौं अब(२)

होटलमा होटल कान्छा उधोगका कुल्ली
सर्कसमा प्रयोग हुन्छौ आफैलाई मारी
करोडौको कालो धन्दा वारपार गर्ने
गिरोहमा प्रयोग हुने कसोगरी रोक्ने(२)

१९४८ मा बालअधिकार भन्ने
अवधारणामा बिस्तृत जानकारी दिने
घोषणा त भयो फेरी बुदा छुट्न गयो ।
१९५९ मा घोषणा फेरी भयो । (२)

औपचारीक राष्ट्र संघको अभिसन्धी आयो
उन्नाइस सय उन्नब्बे यसले पारीत गर्‍यो
नेपालको संबिधान दुइ हजार बहत्तर
धारा ३९ मा बाल हक अधिकार
औपचारीक मात्र होइन ब्यवहार देखाउ(२)

एकले थुके सकिजाला सयौथुकी नदी
एकजुट होउ हामी बालक मुठी कसी
अन्याय र अत्यचार अब रोक्नु पर्छ ।
भबिष्यका कर्णदार हामी बन्नुपर्छ ।(२)

**अध्यक्ष**
**लगनशिल बालक्लब सरस्वति माबि**
**शुक्रबारे**

# परियोजना अन्तर्गतका गतिविधिहरू

## धनकुटा जिल्ला

### १. गाविसस्तरी गाउं बाल संरक्षण तथा सम्वर्द्धन उपसमितिलाई ३ दिने तालिम:

सामुदायिक विकास मञ्च नेपाल धनकुटा र मानव




अधिकार मञ्च नेपाल इलामको साझेदारी, जर्मनी संस्था किन्डर मिसनरेकको आर्थिक सहयोग तथा हात्तिखर्क गाविसको स्थानीय समन्वयमा हात्तिखर्क गाविस स्तरीय बाल संरक्षण तथा संबर्द्धन उपसमितिको ३ दिवसीय तालिम साविक हात्तीखर्क, चुङवाङ्ग, परेवादिन, बुढीमोरङ्ग र महाभारत गाविसमा सम्पन्न भएका छन् । तालिममा उपसमितिका संयोजक तथा सदस्यहरु, बालमैत्री स्थानीय शासन समितिका संयोजक तथा सदस्यहरु, गाविसमा क्रियाशिल राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । मानव अधिकारको अवधारणा र मानव अधिकार, बालअधिकारको अवधारणा र बालअधिकार, बालअधिकार सम्बन्धि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानुनहरु, बालसंरक्षण तथा संबर्द्धन उपसमितिको काम कर्तव्य र अधिकार, बालमैत्री स्थानीयशासन, बालक्लव र उपसमितिको सम्बन्ध, बालबालिकाको क्षेत्रमा छुट्टिने बजेट यसको उद्देश्य, विनियोजन तरिका र कार्यान्वयनको प्रक्रिया, बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिको योजना सम्बन्धि छलफल गरिएको थियो । तालिममा छलफल भएका कुराहरुलाई व्यवहारमा कार्यान्यन गर्दै जाने कुरा सहभागीहरुले बताउनुभएको छ ।

### २. विद्यालयस्तरीय बालक्लवहरूको ३ दिने तालिम सम्पन्न :

सामुदायिक विकास मञ्च नेपाल ( सि.डि.एफ.) धनकुटा र मानव अधिकार मञ्च नेपाल ( हुर्फ) इलामको साझेदारी तथा किन्डर मिसनरेक जर्मनीको आर्थिक सहयोगमा साविक बुढीमोरङ्ग गाविस स्थित रामनवमी माध्यमिक विद्यालयको रामनवमी बालक्लव, महाभारत गाविस स्थित गोलखाडी माध्यमिक विद्यालयको गोलखाडी बालक्लव, भारती माध्यमिक विद्यालयको समन्वयमा



सृजनशिल बालक्लव, सरस्वती माध्यमिक विद्यालयको समन्वयमा सरस्वती माध्यमिक विद्यालयको मिलीजुली बालक्लव, भारती माध्यमिक विद्यालयको समन्वयमा भारती बालक्लवमा तालिम सम्पन्न भएको छ। तालिममा बालक्लवका पदाधिकारी तथा सदस्यहरुको सहभागीता रहेको थियो। तालिमको सहजीकरण सादायिक विकास मञ्च, धनकुटाका बालअधिकार तथा शाान्ति शिक्षा कार्यक्रमका कार्यक्रम संयोजक श्री सावित्रा राई र तालिम सहजकर्ता श्री राम प्रसाद राईले गर्नुभएको थियो। ३ दिन सम्म चलेको उक्त तालिमहरुमा सहभागीहरुले तालिममा सिकेको कुराहरुले आफनो बालक्लव व्यापस्थापनमा महत्वपूर्ण सहयोग पुग्ने बताएका छन्।

### ३. गाविसस्तरीय बालसंजाललाई १ दिने सचेतना कार्यक्रम सम्पन्नः

बाल अधिकार तथा शान्ति शिक्षा कार्यक्रम अन्तर्गत धनकुटा जिल्लाका ५ वटा गाविसमा रहेका गाविसस्तरीय बाल संजालहरु क्रमश साविकका परेवादिन, हातिखर्क, बुढीमोरङ, महाभारत र चुम्वाङ गाविसमा बालअधिकार विषयक एकदिवसीय सचेतना कार्यक्रम सम्पन्न भएको छ। बालअधिकारकर्मी रामप्रसाद राईको सहजीकरण, बाल अधिकार तथा शान्ति शिक्षा धनकुटा संयोजक सावित्रा राईको सञ्चालनमा कार्यक्रम सम्पन गरिएको थियो। कार्यक्रममा सरोकारवाला तथा बाल बालिकाको उपस्थिति रहेको थियो। कार्यक्रममा बाल अधिकार, बालक्लव र बाल संजालको काम कर्तव्य र अधिकार, बालक्लव, बाल संजाल, बालमैत्री स्थानीय शासन समिति, गाउँ बाल संरक्षण र सम्बर्द्धन उपसमिति र स्थानिय निकाय विचको अन्तरसम्बन्धको बारेमा छलफल गरिनुका साथै बालसंजालले अहिलेसम्म गर्दै आएका क्रिकिकलापहरु र आगामी योजनाहरुका बारेमा छलफल गरिएको थियो।

### ४. पुस्तकालय व्यवस्थापन तथा बाल भित्तेपत्रिका प्रकाशन सम्बन्धि ३ दिने तालिम सम्पन्नः

मानव अधिकार मञ्च नेपाल इलाम र सामुदायिक विकास मञ्च नेपाल धनकुटाको साझेदारी तथा किन्डर मिसनरेक जर्मनीको आर्थिक सहयोगमा मिति २०७४ जेष्ठ २०, २१ र २२ गते धनकुटाको सुरभी होटलमा पुस्तकालय तथा बाल भित्तेपत्रिका प्रकाशन सम्बन्धि तिन दिवसीय तालिम सम्मन्न भएको छ। तालिम सामुदायिक विकास सञ्च नेपालका सचिव टिकाराम लिंखाको अध्यक्षतामा तथा जिल्ला शिक्षा कार्यलय धनकुटाका विधालय निरिक्षक फागुनी काफ्लेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

तालिममा धनकुटा जिल्लाका ५ विद्यालयका ५ संरक्षक शिक्षक र १० विद्यार्थी गरी १५ जनाको सहभागीता रहेको थियो। तालिमको सहजीकरण नैन विस्वकर्मा, टिकाराम लिंखा र रामप्रसाद राईले गर्नु भएको थियो। तालिममा संस्थाको परिचय, बाल अधिकार, पुस्तकालयको आधारभूत जानकारी, यसको व्यवस्थापन, बालभित्ते पत्रिकाको बारेमा, भित्ते





मावि महाभारतका संरक्षक शिक्षक नारायण दाहाल, रामनवमी मावि बुढीमोरङका संरक्षक शिक्षक गीता चेमजोङ, सरस्वती मावि परेवादिनका संरक्षक शिक्षक लोक बहादुर अधिकारी, भारती मावि हातिखर्कका गोपाल लिम्बु, भारती मावि चुंवाङका मुना भण्डारी लगायत जम्मा ५ जना शिक्षकहरुको उपस्थितिमा मिति २०७४ जेष्ठ २२ गते सम्पन्न भएको थियो ।

पत्रिका प्रकाशन र यसमा ध्यान दिनु पर्ने सवालमा विद्यालय स्तरमा पुस्तकालयको व्यवस्थित, पुस्तकालयको उचित स्थापनाको लागि र समाचार तथा भित्ते पत्रिका प्रकाशनको ज्ञान सीप प्रवर्द्धन गर्ने उद्देश्यले बाल क्लवको प्रमुख पदाधिकारी र संरक्षक शिक्षकहरुको सहभागितात्मक, सक्रियता र प्रभावकारी रुपमा छलफल गरिएको थियो । सहभागिहरुले आफूरुलबे अपेक्षा गरे भन्दा फरक र अत्यावश्यक विषयमा छलफल भएकोमा खुशी व्यक्तगर्नुका साथै आफूले सिकेका ज्ञानलाई व्यवहारमा समेत लागू गर्ने समेत प्रतिबद्धता प्रकट गरेका थिए ।

उक्त बैठकमा कार्यक्रमको क्रियाकलापहरुको बारेमा छलफल, कार्यक्रम पश्चात ख्ऋएऋ, ऋऋ, विद्यालय तथा स्थानीय सरोकारवालाहरुले गरेको सकरात्मक प्रयासहरु, चुनौतीहरु, उपलब्धि तथा सिकाई र बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि निरन्तरता र दिगोपनाको लागि ब्यापक छलफल गरी बार्षिक कार्ययोजना समेत तयार बनाई सहभागीतात्मक रुपले छलफल भएको थियो । नयाँ संरचना अनुसार आ(आफ्नो गाउँ पालिकाको अधिकार सम्पन्न स्थानीय तहमा ख्ऋएऋ, ऋऋ, विद्यालय, स्थानीय सरोकारवालाहरु तथा राजनीतिक दलहरुसँग निरन्तर सहकार्य, समन्वय

## ५. संरक्षक शिक्षकहरू संगको एक दिने बैठक सम्पन्न :

सामुदायिक विकास मञ्च नेपाल ९ऋमँ(ल्भउबि०, धनकुटा, किन्डर मिसनरेक जर्मनीको आर्थिक सहयोग र मानव अधिकार मञ्च, नेपाल इलामको आयोजनामा सञ्चालित बाल अधिकार तथा शान्ति शिक्षाको लागि अभियान परियोजना अर्न्तगतको संरक्षक शिक्षकहरुसँगको बैठक यस संस्थाका सचिव श्री टिकाराम लिंखाको अध्यक्षतामा र गोलखाडि



तथा सदभाव राखेर सक्रियताका साथ अघि बढिरहने प्रत्येक विद्यालयका संरक्षक शिक्षकहरुले प्रतिबद्धता जाहेर ब्यक्त गर्दै बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि विद्यार्थीहरुको चौतर्फी विकासमा, बाल बालिकाहरुको हक हित सुनिश्चिताको लागि, बाल बालिकाहरुको क्षमता बृद्धिको लागि र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा यस संस्थाले ठूलो भूमिका खेल्दै सहयोग गरेको भन्दै साझेदारी संस्था र सहयोगी संस्था सवैलाई धन्यबाद समेत ब्यक्त गरेका थिए। आगामी दिनमा बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको दिगोपनाको लागि निरन्तर क्रियाशिल रही कार्यन्वयन गर्न प्रतिवद्ध समेत ब्यक्त गरेका थिए। बैठकमा संस्थाका सचिव टिकाराम लिंखाले विषयवस्तु माथि सहजिकरण गर्नु भएको थियो।

## ६. बालक्लवको दीगोपनाको लागि एक दिवसीय कार्यशाला गोष्ठी सम्पन्न:

सामुदायिक विकास मञ्च नेपाल (CDF-Nepal), धनकुटा, किन्डर मिसनरेक जर्मनीको आर्थिक सहयोग र मानव अधिकार मञ्च, नेपाल इलामको आयोजनामा सञ्चालित बाल अधिकार तथा शान्ति शिक्षा परियोजना अन्तर्गतको Exit Strategy and Sustainability Workshop at School सम्बन्धिको गोष्ठी यस खाल्सा छिन्ताङ गाउँपलिका वडा ३ साविकको छिन्ताङ गाविसको छिन्ताङ मावि, पञ्चकन्या मावि साविकको आँखीसल्ला गाविसमा र ठाकुरदेवी माविमा प्र.अ. को अध्यक्षता, स्थानीय तहका राजनीतिक दलको प्रतिनिधि, भि.सि.पि.स, बाल क्लवका सदस्यहरु तथा सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भएको थियो।

उक्त गोष्ठीमा कार्यक्रमको क्रियाकलापहरुको बारेमा छलफल, कार्यक्रम पश्चात VCPC, CC, विद्यालय तथा स्थानीय सरोकारवालाहरुले गरेको सकरात्मक प्रयासहरु, चुनौतीहरु, उपलब्धि तथा सिकाई र बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि निरन्तरता र दिगोपनाको लागि ब्यापक ललफल गरी बार्षिक कार्ययोजना समेत तयार बनाई सहभागीतात्मक रुपले छलफल भएको थियो। प्रधानाध्यापक., VCPC, CC, विद्यालय तथा स्थानीय सरोकारवालाहरुले बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि विद्यार्थीहरुको चौतर्फी विकासका निम्ति उपयोगी, सान्दर्भिक तथा आवश्यक रहेको भन्दै शुभकामना मन्तव्य ब्यक्त गरेका थिए बाल बालिकाहरुको हक हित सुनिश्चिताको लागि, बाल बालिकाहरुको क्षमता बृद्धिको लागि र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा यस संस्थाले ठूलो भूमिका निर्वाह गर्दै सहयोग गरेको भन्दै साझेदारी संस्था र सहयोगी संस्था सवैलाई धन्यबाद समेत ब्यक्त गरेका थिए। आगामी दिनमा बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको दिगोपनाको लागि निरन्तर क्रियाशिल रही कार्यन्वयन गर्न प्रतिवद्ध समेत ब्यक्त गरेका थिए। गोष्ठीमा संस्थाका सचिव टिकाराम लिंखाले सहजिकरण गर्नु भएको थियो।

## ७. बालक्लवहरूमा अतिरिक्त क्रियाकलाप सञ्चालनार्थ आर्थिक सहयोग कार्यक्रम

विद्यालयमा गठन भएका बालक्लबहरुलाई बिभिन्न अतिरिक्त क्रियाकलाप मार्फत उनीहरुको क्षमता अभिवृद्धि गराउने र विद्यालयमा प्राथमिक उपचारको लागी केही सामग्री खरीद गर्ने उद्देश्यका साथ संरक्षक शिक्षक तथा प्रधानध्यापक मार्फत प्रति विद्यालयलाई १२ हजारका दरले ५ वटा बालक्लवलाई ६० हजार प्रदान गरिएको छ। सो रकमबाट बालक्लवले आफ्नो




विद्यालयमा कम्तीमा ४ वटा कार्यक्रमहरु र प्राथमिक उपचारको लागि केही सामग्री खरिद गर्नुपर्ने छ। जस अनुसार हाल बालक्लवहरुले विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै रहेको अवस्था छ।

# परियोजना अन्तर्गतका गतिविधिहरू

## इलाम जिल्ला

### १. बाल क्लवहरुलाई ३ दिने तालिम:

परियोजना अन्तर्गत विद्यालय स्तरमा गठन भएका बाल क्लवका पदाधिकारीहरुलाई ३ दिने तालिम




अन्तर्गत इलाम नगरपालिकाको श्री आदर्श मा.वि. सहित जमुनाको श्री भगवती मा.वि.र फाकफोक गाविसको श्री राष्ट्रिय मा.वि.को बाल क्लवहरुको तालिम दोस्रो त्रैमासिकमा सम्पन्न भइसकेको छ। बाँकी रहेको बाँफ्रोको श्री चिसोपानी मा.वि र साकफरा गाविसको श्री मिक्लाचोङ्ग मा.वि.मा पनि तालिम सम्पन्न भएको छ।

बाँफ्रो गाविसको श्री चिसोपानी माविमा गठन भएको बालक्लवका पदाधिकारीहरुलाई तिन दिने तालिम उक्त माविको आफ्नै भवनमा, त्यस्तै साकफरा गाविसको श्री मिक्लाचोङ्ग माविमा गठन भएको बालक्लवका पदाधिकारीहरुलाई तिनदिने तालिम उक्त माविको आफ्नै भवनमा सञ्चालन भएको थियो।

तालिममा मानव अधिकार, अधिकार, बालअधिकार, शान्ति शिक्षा, बालक्लवको काम कर्तव्य अधिकार सञ्चारको भुमिका, स्थनीय सरोकारवालाहरुको भुमीका, बाालदुर्व्यवहार, स्थानीय निकायबाट प्राप्त बालबालिका लक्षीत बजेट र यसको प्रभावकारी कार्यान्वयन, बालअधिकार सम्बन्धी राष्ट्रिय / अन्तराष्टिय कानुन, बालमैत्री स्थानीय शासन लगायत बालक्लव सञ्चालन जस्ता विषयहरुमा ३ दिन सम्म संचालन भएको थियो। तालिमको सहजिकरण संस्थाका सुवास निरौला र योगराज सापकोटाले गरेका थिए।

### २. गाविस स्तरिय VCPC/CFLG समितिलाई ३ दिने तालिम

परियोजना अन्तर्गत स्थानिय स्तरमा परियोजनालाई प्रभावकारी बनाउँदै बालबालिकाको सवालहरुमा ठोस काम गर्ने उद्देश्यले प्रत्येक गाविसमा बाल संरक्षण सम्बर्द्दन कार्यान्वयन कार्यविधि २०६८ बमोजिम गठन गरिएको गाउँ बाल संरक्षण सम्वर्द्दन उपसमिति (ख्क्ष्ृएअ्ऱृ, ) र बामैत्रि स्थानिय शासन समिति ( ऋीन ) का सदस्यहरुलाई क्षमता विकास गर्दै बालबालिको सवालहरुमा प्रभावकारी रुपमा काम गर्नको लागि बाल अधिकार सम्वन्धि ३ दिने तालिम इलाम न.पा. जमुना र फाकफोक गाविसमा सम्पन्न भइसकेको छ भने बाँकिरहेको साकफारामा र बाँफ्रो गाविसमा सञ्चालन भइ सम्पन्न भइको छ। तालिममा मानव अधिकार, बालअधिकार, शान्ति शिक्षा,



बालअधिकारमा सञ्चारको भुमिका, बाल अधिकारमा प्रवर्द्दनमा स्थनीय सरोकारवालाहरुको भूमीका, बाालदुर्व्यवहार, स्थानीय निकायबाट प्राप्त बालबालिकाका लक्षीत बजेट र यसको प्रभावकारी कार्यान्वयन, बालअधिकार सम्बन्धी राष्टिूय / अन्तराष्टिय कानुन, बालबालिकाको सर्वोत्तमहित बालमैत्री स्थानीय शासन त्यस्तै बाल संरक्षण तथा संबर्द्दन उपसमिति र बालमैत्रि स्थानिय शासन समितिको काम कर्तव्य र क्षेत्राधिकारको बारेमा छलफल गरिएको थियो तालिमलाई संस्थाका पारस राई र सुवास निरौलाले सहजिकरण गरेका थिए ।

### ३. सामाजिक परिचालकहरूको लागि ३ दिने अभिमुखिकरण तालिम

परियोजना सञ्चालन भएका गाविसहरुमा रहेको सामाजिक परिचालकहरुको लागी ३ दिने तालिम सम्पन्न भएको छ। परियोजना सञ्चालन भएको गाविसहरुमा सेवाप्रवाह देखि परियोजनालाई प्रभावकारी



बनाउन साथै स्थानिय निकायहरुलाई बालबालिकाको सवालहरुमा सचेत गराउने उद्देश्यले तालिमको आयोजना गरिएको हो । पहिलो चरणमा इलामका ५ गविसका र झापाका १५ गाविसका गरि २० जना र दोस्रो चरमा इलामका २० गाविसका सामाविक परिचालकहरुको तालिम सञ्चालन गरिएको थियो ।

तालिममा बालक्लवका बालअधिकारका आधारभुत अवधारणा कानुनी व्यवस्थाहरु, बालसंरक्षण सम्वन्धि संरचनाहरु, बालसहभागिता बालसहभागिताका औजारहरु, बाल बालिकाको सर्वोत्तम हित, बालअधिकार संरक्षण मा बालसहभागिता, गाउँ बाल संरक्षण समिति के हो ? र स्थानीय बालमैत्री शासन समिति के हो ? बालसंरक्षण प्रणालीमा सामाजिक परिचालहरुको भुमिका, मानव अधिकारको अवधारणा जस्ता विषयहरुमा सहजीकरण गरिएको थियो । तालिमको सहजीकरण जिल्ला विकास समिति इलामका योजना अनुगमन तथा प्रशासकीय अधिकृत छविलाल खतिवडा, सामाजिक विकास अधिकृत राम योङहाङ, कार्यक्रम अधिकृत दिनेश पौडेल, केन्द्रीय बाल कल्याण समिति १ नं. प्रदेशका बाल अधिकार स्रोत व्यक्ति सुमन अधिकारी, मानव अधिकार मञ्च नेपाल इलामका तालिम संयोजक शिखरनाथ सापकोटा, योजना तथा अनुगमन अधिकृत योगराज सापकोटाले गर्नुभएको थियो । अभिमुखीकरणको समापन कार्यक्रमको अवसरमा सहभागीहरुले यो अभिमुखीकरणले आफूहरुलाई बालअधिकारको क्षेत्रमा काम गर्न प्रेरित गरेको र बालमैत्री गाविस/नगरपालिका घोषणाको लागि ढोका खुलेको साथै बालअधिकारको प्रवर्द्धनमा लाग्ने समेत प्रतिवद्धता ब्यक्त गरेका थिए । इलाम जिल्लालाई छिटै बालमैत्री जिल्ला घोषणा गर्न यस्ता कार्यक्रमहरुले सहयोग गर्ने सहभागिहले बताए

### ४. गाविस स्तरिय बाल सञ्जाललाई एकदिने अभिमुखिकरण

परियोजना सञ्चालन भएका गाविसहरुमा गठन भएका गाविसस स्तरिय बाल सञ्जालका पदाधिकारी तथा सदस्यहरुलाई एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । परियोजनालाई प्रभावकारी रुपमा सञ्चालन साथै परियोजना सञ्चालन भएका विद्यालयका बालबालिका मात्र नभएर गाविस भरका सबै बालबालिकाहरुलाई बालअधिकार सम्वन्धि सचेत गराउने उद्धेश्यले इलाम नगरपालिका सहित ४ वटै गाविसहरुमा सम्पन्न भएको हो ।



उक्त लागि एक दिने अभिमुखिकरण कार्यक्रम साकफरा गाविसको कार्यालय दशमिमा, बाँझको आदिबासी जनजातिको भवन खलङ्गेमा, इनपाको मानव अधिकार मञ्चको तालिम हलमा त्यस्तै जमुनाको गाविस कार्यालयमा र फाकफोक गाविसको श्री राष्ट्रिय मा.वि.को भवनमामा सम्पन्न भएको छ। उक्त अभिमुखिकरणमा वर्डामा गठन भएको वार्ड स्तरिय बाल क्लव र तीन वटा विद्यालयहरुमा गठन भएको विद्यालय स्तरिय बालक्लहरुको पनि सहभागीता रहेको थियो। अभिमुखिकरणमा संस्थाले सञ्चालन गरेको परियोजनाको बारेमा जानकारी गराउनुका साथै बाल अधिकार, बाल क्लव र बाल सञ्जालको परिचय, बाल क्लव र बाल सञ्जालको आवश्यकता, काम कर्तव्य र क्षेत्राधिकार, बाल क्लव र बाल सञ्जालको भूमिका, बालबालिकाको सवालमा नेपाल सरकारले व्यवस्था गरेको कानुनि तथा नितिगत व्यवस्था साथै बाल क्लव, बाल सञ्जाल र स्थानिय निकायको विचको सम्बन्धको बारेमा छलफल गरिनुका साथै बालक्लव, बालसञ्जालको गतिविधि र आगामि योजनाको बारेमा समेत छलफल गरिएको थियो। उक्त कार्यक्रमलाई संस्थाका पारस राई र सुवास निरौलाले सहजिकरण गरेका थिए।

### ५. बालक्लवहरुलाई भितेपत्रिका लेखन र पुस्तकालय व्यवस्थापन सम्बन्धि २ दिन तालिम

जिल्लाको ५ विद्यालयमा गठित बाल क्लवहरुलाई पुस्तकालय व्यवस्थापन र भित्ते पत्रिका लेखन र प्रकाशन सम्वन्धि २ दिने तालिम कार्यक्रम सम्पन्न भएको छ।

तालिमको समापनको अवसरमा बोलदै समापन कार्यक्रमका प्रमुख अथिति प्रमुख जिल्ला शिक्षा अधिकारी टंक प्रासाद गौतमले जो मानिस संग पर्याप्त सुचना छ त्यो व्यक्ति शक्तिशालि हुने र त्यो अध्ययन बाटै प्राप्त हुने र सधैं पुस्तक अध्ययले मस्तिष्क समेत क्रियाशिल हुने भएकोले पुस्तकालय अनिवार्य रहेको बताउनुभयो। त्यस्तै भित्तेपत्रिकाले विद्यार्थीलाई व्यस्त र सक्रियबनाउने भएकोले कार्यक्रम महत्वपूर्ण रहेको पुष्टि गर्नुभयो। साथै जिल्ला शिक्षा कार्यालयले विद्यालयमा पुस्तकालय व्यवस्थापनको लागी चलाएको अभियानमा समेत सहयोग हुने भएकोले अरु थप विद्यालयमा समेत कार्यक्रम सञ्चालन गर्न अनुरोध समेत गर्नु भयो। त्यस्तै सहभागिहरुले आफुहरुले ज्यादै आवश्यक र महतवपुर्ण कुराहरु जान्न पाएकोले तालिमको २ दिन उपलब्धि मुलक रहेको वताए। तालिममा बालअधिकार, पुस्तकालयको अवधारणा, परिचय र महत्व, पुस्तक र पुस्तकालय व्यवस्थापन, पुस्तकको प्रयोग र सुरक्षा, भित्ते पत्रिकाको परिचय र आवश्यकताबाल भित्ते पत्रिकाको विधा र प्राथमिकता दिनुपर्ने पक्षहरु, भित्तेपत्रिकामा बाल अधिकारका विषयवस्तुहरु समेट्ने तरिका, बाल भित्ते पत्रिकामा



के के लेख्न सकिन्छ जस्ता विषयमा छलफल गरिको थियो । तालिमलाई मञ्चका योगराज सापकोटा र नागरिक राष्ट्रिय दैनिकका इलाम सम्बाददाता भिम चापागाँइले सहजिकरण गर्नुभएको थियो । संसथाका अध्यक्ष मोहनसिं थेबेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन परियोजनाका जिल्ला संयोजक रुद्र थेबेले गरेको थियो ।

## ६. बाल क्लवहरुलाई पुस्तकालय स्थापनाको लागि पुस्तक र र्‍याक वितरणः

विद्यालयमा पुस्तकालय स्थापनाको लागि बाल क्लवहरुलाई पुस्तक र बुक र्‍याक वितरण गर्ने कार्य सम्पन्न भएको छ । विद्यालमा गठित बाल क्लवहरुलाई १०,७४१ रुपैँया बराबरको ४२ थान पुस्तक र विभिन्न संस्थाहरुले प्रकाशन गरेको जानकारीमुलक पुस्तक हरु १० थान गरि जम्मा ५२ थान पुस्तक र पुस्तकलाई व्यवस्थित गर्न रु. ५,००० बराबरको बुक र्‍याक बाल क्लवहरुलाई हस्तान्तरण गरिएको हो । प्राय विद्यालयमा पुस्तकालय नभएको र केहि विद्यालयमा पुस्तकालय भएतापनि खासै प्रयोगमा नआएकोले विद्यार्थीहरुमा पढ्ने बानिको विकास गरि विद्यार्थीहरुलाई समयानुसार



पाठ्य पुस्तक बाहेक बाहिरीज्ञान हासील गर्न पनि सहजिलोहोस् भन्ने उद्देश्यले पुस्तकालय स्थापनामा सहयोग गरिएको हो । पुस्तकालय सामाग्री पाएकोमा क्लवहररुले खुशी व्यक्त गर्दै यसलाई प्रयोगमासमेत ल्याउने बताउनुका साथै अगामि दिनमा यसलाई विभिन्न स्रोतहरु खोजि व्यवस्थित गर्दै लैजाने प्रतिवद्दता समेत व्यक्त गरे ।

## ७. संरक्षक शिक्षकहरुको १ दिने बैठकः

परियोजना सञ्चालन भएको विद्यालयहरुमा बालक्लवको सहयोगार्थ छनौट गरिएका ५जना संरक्षक शिक्षकहरुको १ दिने बैठक सम्पन्न भएको छ । उक्त बैठकमा भगवती मावि जमुना, राष्ट्रिय मावि फाकफोक र आदर्श मावि इनपाका संरक्षकशिक्षक उपस्थित भएतापनि चिसोपानी पञ्चमी, बाँफो र मिक्लाचोङ मावि, साकफराको संरक्षकशिक्षक विविध समस्याले उपस्थित हुन नसकेपछि विद्यालयका प्रधानाध्यापकहरु उपस्थित हुनुभएको थियो ।

बैठकमा परियोजनाको बारेमा थप जानकारी, परियोजना सञ्चालन पछि विद्यालयमा के परिर्वन आयो ? बाल क्लवको अवस्था तथा गतिविधिहरु, विद्यालयको आगामि योजना, विद्यालयमा बाल क्लवको आवश्यक्ता र बालक्लवलाई सक्रिय बनाउन कस्ले के गर्ने जस्ता विषयहरुमा छलफल गरिएको थियो । बैठकमा प्रधानाध्यापक तथा संरक्षक शिक्षकहरुले संस्थाको सहयोगले विद्यालयमा खास गरेर बालक्लवको क्रियाशिलतामा ठूलो सहयोग मिलेको वताउनु भयो । विद्यालयमा अरुवेलापनि अन्य संस्था तथा विद्यालयले क्लवहरु गठन गरिएतापनि आवश्क तालिम र सहयोगका कार्यक्रमहरु नहुँदा त्द्धयतिकै निस्त्रृय भएर जाने गरेको बताउनु भयो । तर यस संस्थाले गठन गरेको क्लवहरु सक्रिय भएर कामगरिरहे बताउनुका साथै संस्थाको निरन्तर सहयोगको समेत अनुरोध गर्नुभयो । बैठकलकलाई संस्थाका कार्यकारी निर्देशक देवेन्द्र विश्वकर्मा र जिल्ला कार्यक्रम संयोजक रुद्र थेबेले सहजिकरण गर्नुभएको थियो ।

## ८. बालक्लवहरुलाई प्राथमिक उपचार सामग्री सहयोग

विद्यालयमा विद्यार्थीहरुको सामान्य समस्याहरुलाई

मध्यनजर गरि ती स-साना समस्याहरु समाधानको लागी बाल क्लवहरुलाई प्राथमिक उचार सामग्रीहरु वितरण गर्नेकार्य सम्पन्न भएको छ। विद्यालयमा आवश्यक र प्रयोग गर्न सकिने खालका २,००० बराबरको २० थरीका सामाग्री प्राथमिक उपचार बाकस संगै प्रदान गरिएको हो। क्लवहरुलाई सामग्रीहरु हस्तान्तण गर्नेक्रममा सामग्रीहरु के को लागी प्रयोग गर्ने र प्रयोग गर्ने तरिकाको बारेमा जानकारी समेत गराईएको थियो। सामग्री बुज्ने क्रममा क्लवका विद्यार्थीहरुले स-साना समस्यमको कारण विद्यालयबाट विदा मागेर स्वास्थ्यचौकि जान नपर्ने भएकोले खुशी व्यक्त गरे।

## ९. जोखिम व्यवस्थापन सम्वन्धि कार्यशाला

परियोजना सञ्चालनका क्रममा आउन सक्ने जोखिम तथा समस्याहरु के के हुन सक्दछ, र ती विभिन्नखाले जोखिमहरुलाई कसरि व्यवस्थापन गर्ने भनि संस्था र परियोजनाका कर्मचारीहरु वीच जोखिम व्यवस्थापन सम्वन्धि एक दिने कार्यशाला सम्पन्न भएको छ। कार्यक्रम सञ्चालनका क्रममा आईपर्ने सम्भावित समस्याहरु र यसबाट बाट कसरि सुरक्षीत रहने तथा सम्स्याहरु आउन नदिन के कस्सता उपायहरु अपनाउने विषयमा छलफल गरिएको थियो। यसका साथै कार्यालयमा आवश्यक रु ५,००० बराबरको प्राथमिक उपचारका सामग्रीहरु समेत खरिद गरि व्यवस्था गरिएको छ।



रोङ गाउँपालिका (सविक कोल्बुङ गाविस) मा मिति २०७४ जेठ २५ गते बिहिबार,

## १०. समुदायलाई कार्यक्रम हस्तान्तरण र कार्यक्रम दिगोपना सम्वन्धि अन्तरक्रिया

परियोजना सञ्चालनको तेस्रो चरणको पहिलोबर्ष सम्म



इलाम जिल्लाका २५ वटा गाविस तथा विद्यालयहरुमा कार्यक्रम सञ्चालन भईसकेको छ। जस मध्ये २० वटा विद्यालय तथा गाविसहरुमा पहिलो र दास्रो चरणमा नै सञ्चालन भएको थियो। परियोजनाको तेस्रो चरणमा आईपुग्दा पहिलो र दोस्रो चरणमा सञ्चालन भएका २० विद्यालय तथा गाविसहरुमा सञ्चालन भएको कार्यक्रमहरु समुदायलाई नै हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत इलाम नगरपालिकाको वर्डा नं. २ (सविक सुम्बेक गाविस) मा इलाम नगरपालिकाको वर्डा नं. ११ (सविक कोल्बुङ गाविस) मा, देउमाइ नगरपालिकाको वर्डा नं. १ (साविक चमैता गाविस) मा, माइ नगरपालिकाको वर्डा नं. ६ (सविक महमाई गाविस) मा, चुलाचुली गाउँपालिकाको वार्ड नं. २ ( सविक चुलाचुलि गाविस) मा त्यस्तै रोङ गाउँपालिकाको वर्डा नं. ४ (सविक इरौटार गाविस) मा, रोङ गाउँपालिकाको वर्डा नं. ५ (सविक जिर्मले गाविस) मा र सुर्योदय नगरपालिकाको वर्डा नं. ३ (सविक श्रीअन्तु गाविस) मा गरी ९ विद्यालय तथ गाविसमा सम्पन्न भएको छ। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, संरक्षक शिक्षक, बाल संरक्षण सम्बर्द्धन उपसमिति, बाल क्लव, बाल सञ्जाल, विद्यालय व्यवस्थापन समिति र सामाजिक परिचालकको उपस्थिती रहेको कार्यक्रमको सहजीकरण संस्थाका इश्वर मगर र याम माबोहाङले गरेका थिए।

# परियोजना अन्तर्गतका गतिविधिहरु

## पाँचथर जिल्ला

### १. भित्ते पत्रिका र पुस्तकालय व्यवस्थापन सम्बन्धी तालिम:

बाल अधिकार तथा शान्ति शिक्षा परियोजना अन्तर्गत तेश्रो चरणका सञ्चालन भई रहेको पाँच गाउँ विकास समितिका विद्यालयहरु मेमेङ मा.वि. मेमेङ, कालिका मा.वि. प्राङ्बुङ, सिद्धदेवी मा.वि. सिदिन, बुद्धेश्वरी मा.वि. वलने र इन्द्रवती मा.वि. हाङ्गुमका बालक्लवका दुई/दुई जना प्रतिनिधि र शिक्षकको प्रतिनिधि एक/एक जना गरि १५ जना सहभागिहरुमा पुस्तकालय व्यवस्थापन र भित्ते पत्रिका सम्बन्धी दुई दिने तालिम २०७४ जेठ १५ र १६ गते सम्पन्न भएको छ। तालिमको सहजीकरण सामुदायिक पुस्तकालयका सचिव मंगल बहादुर बेघा र हुकोडेक नेपालका कार्यक्रम संयोजक प्रम ओभ्फाले गर्नु भएको थियो। तालिममा बालअधिकार, पुस्तकालयको अवधारण, पुस्तकालयको परिचय र महत्व, पुस्तक र पुस्तकालय व्यवस्थापन, पुस्तकको प्रयोग र सुरक्षा, भित्ते पत्रिकाका. परिचय र आवश्यकता, बाल भित्ते पत्रिकाको विधा र प्राथमिकता दिनुपर्ने पक्षहरु, भित्ते पत्रिकामा बाल अधिकारका विषयवस्तुहरु समेट्ने तरिका, बाल भित्ते पत्रिकामा के(के लेख्न सकिन्छ?, समाचार लेखन, समाचार लेखनमा छुट्याउन नहुने कुराहरु जस्ता विषयहरुमा सहजीकरण गर्नु भएका थिए र सहभागिहरुलाई समूह विभाजन गरि भित्ते पत्रिका निर्माणको अभ्यास गराएका थिए। तालिम पश्चात विद्यालयका बालक्लवलाई भित्ते पत्रिका प्रकाशनका लागि आवश्यक स्टेशनरी यही कार्यक्रम अन्तरगत वितरण गरिएको थियो।




### २. विद्यालयका पुस्तकालयका लागि पुस्तक सहयोग:

परियोजना अन्तर्गत अघिल्लो वर्ष कार्यक्रम सञ्चालन भएको र यस वर्ष कार्यक्रम सञ्चालन भएको पाँचथर जिल्लाको १५ वटै विद्यालयमा पुस्तकालयका लागि पुस्तक समेत वितरण भई सकेको छ। बालक्लवका विद्यार्थीहरु र शिक्षकहरुको प्रतिनिधिलाई पुस्तकालय व्यवस्थापन सम्बन्धी तालिम पश्चात सो पुस्तकहरु वितरण गरिएको हो। विद्यालयका लागि उपलब्ध गराइएको पुस्तकको विवरण निम्नानुसार छ।

### ३. मनोविमर्श सम्बन्धी एक दिने कार्याशाला:

कार्यक्रम अन्तरगत मनोविमर्श सम्बन्धी एक दिने कार्याशाला पाँचथरमा साभ्फेदार संस्था हुकोडेक नेपालका पदाधिकारीहरुसंग बैशाख २९ गते सम्पन्न गरिएको छ। बाल अधिकार हनन्मा परेको विभिन्न बालबालिकाहरु र मनोविमर्श सेवा आवश्यक रहेको बालबालिकाहरुलाई मनोविमर्श सेवा उपलब्ध गराउनका लासि एक दिने मनोविमर्श सम्बन्धी सचेतना कार्यक्रम गरिएको हो। कार्याशालामा मानव अधिकार मञ्च नेपाल (हुर्फ) इलामका गायत्रि लिम्बु र मनकुमार बराईलीले सहजीकरण गर्नु भएको थियो।

### ४. कार्यक्रम दिगोपनाका लागि एक दिने कार्याशाला:

कार्यक्रम अन्तरगत प्राप्त भएको उपलब्धी सार्वजनिक

गर्ने र कार्यक्रम दिगोपनाका लागि सरोकारवालाहरुलाई जिम्मेवार बनाउने मुख्य उद्देश्यका साथ बाल अधिकार तथा शान्ति शिक्षा कार्यक्रम पहिलो र दोश्रो चरणमा सञ्चालन भएको दश गाउँ विकास समितिहरुमा कार्यक्रम दिगोपनाका लागि एक दिने कार्याशाला सम्पन्न भएको छ । कार्यशाला जेठ ०३ गते फिदिम नगरपालिका, ४ गते रानीटार, ५ गते फाक्तेप, सात गते यासोक, ८ गते पौवासारताप, ९ गते भारपा, १० गते नागी, ११ गते सुभाङ, १२ गते रानीगाउँ र १३ गते आङ्सराङ गा.वि.स.मा सम्पन्न भएको हो । कार्याशालामा बालक्लवका सदस्यहरु, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिका पदाधिकारी, बालमैत्री स्थानीय शासन नगर/गाउँ समितिका पदाधिकारीहरु, गा.वि.स. सचिव, सामाजिक परिचालक लगायतको उपस्थिति रहेको थियो । कार्यशालामा आगामी दिनमा नयाँ संरचना कसरी काम गर्ने, बालबाकालिकाको सवालहरुलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा कार्ययोजना समेत निर्माण भएको थियो । कार्याशालामा मानव अधिकार चेतना र विकास केन्द्र (हुकोडेक) नेपालका कार्यक्रम संयोकजक युद्धिष्ठिरराज आमगाईले सहजीकरण गर्नु भएको थियो ।



## ५. एक दिने संरक्षक शिक्षहरूसंगको कार्याशाला:

परियोजना अन्तरगत एक दिने संरक्षक शिक्षकहरुसँग तालिम जेठ १७ गते फिदिममा सम्पन्न भएको छ । तालिममा संस्थाका पदाधिकारी, कर्मचारी र पाँच गाविसका विद्यालयहरुका संरक्षक शिक्षकहरुको उपस्थितिमा बालअधिकार, शान्त शिक्षा र कार्यक्रमले विद्यालयमा र समाजमा ल्याएको उपलब्धी र प्रभावहरुमा छलफल भएको थियो । यसै गरि मेमेङ माध्यमिक विद्यालय मेमेङका संरक्षक शिक्षक नरेन्द्र खनाल, कालिकामा माध्यमिक विद्यालय प्राङ्बुङकी शिक्षक शिक्षिका चन्द्र कुमारी चेम्जोङ (राई), सिद्धदेवी माध्यमिक विद्यालयका सिदिनका संरक्षक शिक्षक छत्रप्रसाद केरुङ, बुद्धेश्वरी माध्यमिक विद्यालय वलनेका संरक्षक शिक्षक नारायण कुरुम्बाङ र इन्द्रवती माध्यमिक विद्यालयका संरक्षक शिक्षक कुमार पाखिनको उपस्थिति रहेको थियो । तालिममा हुकोडेक नेपालका कोषाध्यक्ष राम प्रकाश समथिङले सहजीकरण गर्नु भएको थियो



### ६. विद्यालयलाई First Aid Box वितरण:

परियोजना अन्तरगत विद्यालयलाई विद्यार्थीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै प्राङ्बुङ, मेमेङ, सिदिन, वलने र हाङ्गुम गाविसका विद्यालयहरुलाई संरक्षक शिक्षक मार्फत ँष्चकत ब्ष्म द्ययप वितरण गरिएको छ । उक्त वक्समा विद्यार्थीहरुको प्राथमिक उपचारका लागि आवश्यक सामाग्री र औषधी उपलव्ध गराएको हो ।



### ७. कार्यक्रमको अनुगमन:

बाल अधिकार तथा शान्ति शिक्षा परियोजना कार्यक्रमलाई पाँचथर जिल्लामा समन्वयात्मक भूमीका पाँचथरका मानव अधिकार चेतना र विकास केन्द्र (हुकोडेक) नेपालले गरेको हो । बाल अधिकार तथा शान्ति शिक्षा कार्यक्रम सन् २०१३ देखि पूर्वाञ्चलनका विभिन्न ७ वटा जिल्लामा भई रहेको छ । यसै गरी पाँचथर जिल्लामा जिल्लाको साविक १ नगरपालिका र १४ वटा गाउँ विकास समितिमा यो कार्यक्रम सञ्चलान छ । सन् २०१३(२०१४ सम्म पहिलो चरणको कार्यक्रम पाँचथरको नागी, भारपा, सुभाङ, रानीगाउँ र आङ्सराङ गाउँ विकास समितिहरुमा सञ्चालन भएको थियो भने सन् २०१४ देखि २९१६ सम्म सञ्चालन भएको दोश्रो चरणको कार्यक्रम पाँचथर जिल्लाको फिदिम नगरपालिका, रानीटार, पौवासारताप, फाक्तेप र यासोक गाउँ विकास समितिहरुमा सञ्चालन भएको हो र सन् २०१६ देखि २०१८ सम्म सञ्चालन भई रहेको तेश्रो चरणको कार्यक्रम पाँचथर जिल्लाको साविक मेमेङ, प्राङ्बुङ, सिदिन, वलने र हाङ्गुम गाउँ विकास समितिहरु रहेको छ । यसै कार्यक्रमलाई समन्वय संस्था हुकोडेक नेपालले पाँचथरले अघिल्लो बर्ष सञ्चालन भएको विद्यालयहरु र यस बर्ष सञ्चालन भएको गाउँ विकास समितिहरु, विद्यालय र बालक्लवहरुमा २०७४ जेठ १ गते देखि १५ भित्र अनुगमन गरी अनुगमन कार्य सम्पन्न गरिसकेको छ । अनुगमन संस्थाका सचिव राजेन्द्र काफ्ले र कोषाध्यक्ष रामप्रकाश समथिङले गरेका थिए ।

कविता

## भूकम्प

निसल तिम्सिना

पहिले भको जति कुरा सबै बिर्सीगए ।
आउने कुरा केहि जान्दिन अलपत्र भए ।
सानो गन्थन लेखिरहेछु, सुनौ दाजुभाइ ।

पऱ्यो बज्र छातीमा आमा ।
जनता मरे भुकम्पमा बिथामा ।
यो घटना सुन्दाखेरी आँशु झरि जान्छ ।
नौ नारी गली आउँछ, हृदय नै खान्छ ।

२०७२ साल बैसाखको महिना
त्यही बेला, मर्नु पऱ्यो भुकम्पमा ।
ए भुमी माता कस्तो मनले मारिदियौ नेपाली जनता
तिनीहरुलाई आपतमा कसले खुवाई देला
अब यस्तो बेला आयो हामी कहाँ जाने ।

के देख्नु पऱ्यो नि
नेपाल आमा रुन्छिन आज के सुन्नु पऱ्यो नि ।
यस्तो दबाब नहोस् कहिले
सबै सँग बाई बाई छ

श्री भारती मा.वि
चुमाङ्ग- ५, धनकुटा

# परियोजना अन्तर्गतका गतिविधिहरू

## झापा जिल्ला

### १. पुस्तकालय व्यवस्थापन तथा भित्ते पत्रिका लेखन तालिमः

बाल अधिकार सम्बन्धी बालबालिकालाई भित्ते पत्रिका प्रकाशन तथा पुस्तकालय व्यवस्थापन सम्बन्धि तीन दिने तालिम कार्यक्रम झापामा समपन्न भएको छ । तालिम जेठ ५, ६ र ७ गते झापाको मेचीनगर नगरपालिकाको काकरभिटटा स्थित महेन्द्रद्वार सहकारी संस्थाको भवनमा समपन्न भएको थियो । तालिममा परियोजना अन्तर्गत गठन भएका बाल क्लवका पदाधिकारीहरु सहभागी भएका थिए तालिममा प्रत्येक बाल क्लबबाट एक जना छात्र र एक जना छात्रा गरी दुई जना साथै एक जना शिक्षक गरी तीन जना सहभागी भएका छन् । पन्ध्र जना सहभागी तालिममा बालअधिकार, पुस्तक र पुस्तकालय व्यव्थापन, पुस्तकको प्रयोग र सुरक्षा, भित्ते पत्रिकाको विद्या र प्राथमिकता दिनुपर्ने पक्षहरु, बाल भित्ते पत्रिका, समाचार भनेको के हो ? भित्ते पत्रिका कसरी निमार्ण गर्न सकिन्छ भनेर प्रशिक्षकहरु कान्तिपुर दैनिकका पर्वत पोर्तेल, नागरिक दैनिकका राजु अधिकारी, नाइट चेस क्लबका गोविन्द न्यौपाने लगायतले सहजीकरण गरेका थिए ।




### २. संरक्षक शिक्षकहरूसाग एक दिने अन्तरक्रिया

संरक्षक शिक्षकसँग एक दिने अन्तरक्रिया सम्पन्न भएको छ । अन्तरक्रियामा बाल अधिकार सम्बन्धी विषयमा विदयालयमा गठन भएका बाल क्लबहरुका संरक्षक शिक्षकहरुलाई एक दिने तालिम कार्यक्रममा झापामा गठन भएका पाँच वटा विद्यालका संरक्षक शिक्षकहरु महेन्द्र ज्योती माविका मणिराज दंगाल, हिमाली माविका दिपक दाहल, जनता माविका हेम खत्री, डिल्लीराज माविका अरुण कुमार गणेश, मोती माविका खेमनाथ सिग्देल उपस्थित रहनु भएको थियो । एक दिने अन्तरक्रिया कार्यक्रम भएता पनि निक्कै प्रभावकारी ढंगबाट कार्यक्रम सम्पन्न भएको थियो । बाल अधिकार, विद्यालयमा बाल क्लबको भूमिका, बाल क्लबलाई दिर्घकालीन रुपमा स्वालम्बी बनाउनमा अभिभावक, संरक्षक शिक्षक, प्रधानाध्यपकको कस्तो भूमिका रहन्छ त्यसमा स्थानीय सरोकारवालाहरुको कस्तो भूमिका रहन्छ आदि विषयमा छलफल गरियो ।

### ३ समुदायलाई कार्यक्रम हस्तान्तरण र कार्यक्रम दिगोपना सम्वन्धि अन्तरक्रियाः

गठन भएका विद्यालयमा परियोजनालाई बाहिरिने रणनीति र दिगो रुपमा क्लबलाई कसरी सञ्चालन गर्ने भन्ने विषायक कार्यशाला सम्पन्न भएको छ । कार्यक्रम अन्तर्गत झापामा सञ्चालन भएका विगत दुइ वर्षका दश वटा विदयालहरुमा गठन भएका बाल क्लबहरुले आगमी दिनमा कसरी अगाडि बढने उददेश्यले कार्यक्रम समपन्न भएको थियो । कार्यक्रम भएका विद्यालयहरुमा बाहुनडागीको मेची जनसाधरण मावि, शान्तिनगरको गणेश मावि, बुधबारेको बुद्ध आदर्श मावि,

धाइजनको सरस्वती बाल कल्याण मावि, दुहागढीको दशरथचन्द मावि,ज्यामिरगढीको ज्यामिरगढी मावि, मेचीनगरको कविशिरोमणि मावि, विर्तामोडको भानु मावि, चारपानेको विर अम्वरसिङ मावि, चारपानेकै लक्ष्मी माविमा कार्यशाला गरिएको थियो ।

### ४. सरोकारवालाहरूसंग एक दिने अन्तरक्रिया कार्यक्रमः

परियोजनाले गरेका गतिविधिहरुको बारेमा तथा आगमी भविष्यमा कुन ढंगबाट अघि बढ्दा सन्तोष जनक नतिजा प्राप्त गर्न सकिन्छ भन्ने उद्देश्यले मेचीनगरमा अवस्थीत महेन्द्रदवारको सभाकक्षमा कार्यक्रमको आयोजना गरिएको थियो । राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि नगरिक समाजका प्रमुख तथा पत्रकार लगायतको उपस्थितीमा कार्यक्रम समपन्न भएको थियो ।




### ५ सञ्चारकर्मीहरूसंग एक दिने अन्तरक्रिया कार्यक्रमः

परियोजनाले गरेका गतिविधिको बारेमा जानकारी दिन स्थानीय सञ्चारकर्मीसँग एक दिने अन्तरक्रिया कार्यक्रम साउन ६ गते समपन्न भएको छ । कार्यक्रममा झापामा सकृय रुपमा कृयासिल पत्रकारहरुको सहभागिता रहेको थियो । जिल्ला पत्रकार महासंघ झापाका सचिव सन्तोष आचार्य, प्रेस चौतारी झापाका सचिव मुक्ति पौडेल, जिल्ला सदस्य सुस्मा राजवंशी, सगरमाथा टिभिका झापा प्रतिनिधि शिशिर



चम्लागाई, सुर्योदय टिभिका विमर्श उप्रेती, फोटो पत्रकार कृष्ण सिंजाली, जनसंसद दैनिकका लक्ष्मी उप्रेती, लोकतन्त्र दैनिकका अम्बीका भण्डारी लगायतको उपस्थीति रहेको थियो ।

### ६. एक दिने मनोसामाजिक विमर्श कार्यक्रमः

मानव अधिकार मञ्च नेपालकै आयोजनामा संस्थाबाट प्रतिनिधि भई आउनु हुने गायत्री थेगिम तथा मनकुमार बराइलीको उपस्थितीमा महिला जनचेतना केन्द्रका कार्यसमिति तथा कर्मचारीहरुलाई एक दिने अन्तरक्रिया कार्यक्रम समपन्न भएको हो । विशेष गरेर अहिलेका समयस्याहरुको रुपमा रहेको मनोविज्ञान सम्वन्धि समस्याहरुको बारेमा जान्ने तथा बुझ्ने मौका पाएको कार्यक्रमको अध्यक्षता केन्द्रको अध्यक्ष राधा प्रधान कार्की तथ सञ्चालन केन्द्रको संयोजक मणिकुमार लिम्बुले गरेका थिए । संस्थाका सम्पुर्ण कार्यसमितिको उपस्थितीमा भएको उक्त कार्यक्रमले कार्यसमितिमा पनि एक प्रकारको उत्प्रेरण प्रदान गरेको थियो ।

### ७. अनुगमन तथा मूल्यांकन कार्यक्रमः

परियोजनाले विगत एक वर्षमा गरेका क्रियाकलापहरुको अनुगमन गर्ने उद्देश्यले अनुगमन समिति गठन गरिएको थियो । जसमा निम्न अनुसारको समिति रहेको थियो । राधा प्रधान कार्की, भुवन सुव्वा, सिता गुरुंग, मुक्ति पौडेल, गोविन्द न्यौपाने, साइतिका राई, अनिता थापा, लक्ष्मी खनिया र मणि कुमार लिम्बू ।  समितिले साउन २९ गते साविक धरमपुर गाविस तथा मोती मावि, महेन्द्र ज्योती मावि गरामनी र खुदुनाबारी गाविस तथा जनता माविमा अनुगमन गरेका थिए ।

# परियोजना अन्तर्गतका गतिविधिहरु

## संखुवासभा जिल्ला

### १. गाउंस्तरीय बाल संरक्षण तथा सम्वर्द्धन उपसमितिलाई ३ दिने क्षमता विकास तालिम

संखुवासभा जिल्लामा कार्यक्षेत्रका नुनढाकी, वाना,




सित्तलपाटी, धुपु र मत्स्यपोखरीमा वालअधिकार तथा शान्ति शिक्षा परियोजना अन्तर्गत गाउँ वालसंरक्षण तथा सम्वर्द्धन उपसमितिहरु गठन भएको र उक्त उपसमितिहरुका पदाधिकारीहरु र सरोकारवालाहरुको लागि ३ दिने क्षमता विकास तालिम सम्पन्न भएको छ। कार्यक्रममा गाउँ वाल संरक्षण तथा संम्वर्द्धन समितिका सवै पदाधिकारीहरु,राजनैतिक दलका प्रतिनिधिहरु तथा वडा नागरिक मञ्चका संयोजक तथा प्रतिनिधिहरुलाई सहभागी गराईएको थियो। यो तालिम अति प्रभावकारी तथा हाम्रो लागि महत्वपूर्ण भएको वालसंरक्षण समितिका संयोजक र दलका प्रतिनिधि लगायतका सहभागिहरुले वताउनु भएको थियो। सहभागीहरुले वालवालिकाको वजेट सहि सदुपयोगको अवस्था नरहेको हुंदा आगामी दिनमा वालवालिका शिर्षकको वजेटलाई सही सदुपयोग गरी वालवालिकाको समस्याहरुलाई न्युनिकरण गर्न पहल गर्ने प्रतिबद्धता सहभागीहरुले गरेका थिए। उक्त कार्यक्रमबाट तत्कालिन रुपमा मानव अधिकार तथा बालअधिकार र वालअधिकार सम्वन्धि राष्ट्रिय,अन्तराष्ट्रिय कानुनको वारेमा सहभागिहरुलाई जानकारी हुनाको साथै अफ्नो काम कर्तव्य र जिम्मेवरीको वारेमा जानकारी भएको छ। यसैगरी वालदुर्व्यवहर, शान्ति शिक्षा तथा विद्यालयलाई शान्ति क्षेत्र घोषणा किन ? भन्ने वारेमा जानकारी भएको छ। स्थानिय निकाय संग वालक्लव, वालसंजाल तथा वालसंरक्षण समितिको सम्वन्धको वारेमा जानकारी भएको थियो। कार्यक्रममा बिभिन्न मिति र स्थानमा गरी ४२ जना महिला र ६७ जना पुरुष समेत जम्मा १०९ जनाको सहभागिता रहेको थियो।

### २. सामाजिक परिचालकहरुको लागि क्षमता बिकास तालिम:

बाल अधिकार अधिकार तथा शान्ति शिक्षा परियोजना बर्षमा संचालन भइरहेका मामलिङ, आखिभुई, नुनढाकी, सिद्धपोखरी, जलजला, वाना, धुपु, सित्तलपाटी र मत्स्यपोखरीका ९ जना सामाजिक परिचालकहरुलाई बाल अधिकार र शान्ति शिक्षा प्रबर्द्ध सम्बन्धि क्षमता बिकास तालिम संचालन गरीयो। जसमा समाजिक परिचालकहरुले बाल अधिकारको क्षेत्रमा आफुले खेल्नु पर्ने भूमिका बारे जानकारी पाएका थिए। तालिम पश्चात बाल सहभागिता बृद्धिमा जोड दिदै योजना निर्माण प्रकृयामा बालबालिकाहरुलाई सहभागी गराउन पहल गरेका छन्। क्षमता बिकास तालिम पश्चात हरेक सामाजिक परिचालक र बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रमका कर्मचारीहरुले आपशी समन्वय गरी कार्यक्रम संचालन भई रहेको छ। जसबबाट कार्यक्रममा दोहोरोपना भएको छैन ।

यसै गरी बाल बालिकाको शिर्षकमा बजेट विनियोजन गराउन समेत संगठित रुपमा सहजिकरण गरेका छन् ।

### ३.संरक्षक शिक्षकहरूको लागि क्षमता बिकास तालिम




बाल अधिकार अधिकार तथा शान्ति शिक्षा परियोजना बर्षमा संचालन भइरहेका ५ वटा मा बि खप्टुवा मा बि लिङलिङ, सिंहदेवी मा बि नुनढाकी, जनज्योती मा बि धुपु, सरस्वती मा बि मत्स्यपोखरी, जनता मा बि चन्दनपुर का संरक्षक शिक्षकहरुको लागि बाल अधिकार प्रबर्द्धन र शान्ति शिक्षा प्रबर्द्ध सम्बन्धि क्षमता बिकास तालिम संचालन गरीयो । जसमा संरक्षक शिक्षकहरुले बाल अधिकारको क्षेत्रमा आफुले खेल्नु पर्ने भूमिका बारे जानकारी पाएका थिए । तालिम पश्चात बाल सहभहभागिता बृद्धिमा जोड दिदै योजना निर्माण प्रकृयामा बालबालिकाहरुलाई सहभागि गराउन पहल गरेका छन् । क्षमता बिकास तालिम पश्चात हरेक संरक्षक शिक्षक र बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रमका कर्मचारीहरुले आपशी समन्वय गरी कार्यक्रम स.चालन भई रहेको छ । जसबबाट कार्यक्रममा दोहोरोपना भएको छैन। यसै गरी बाल बालिका शिर्षकमा बजेट विनियोजन गराउन समेत संगठित रुपमा सहजिकरण गरेका छन् ।

### ४. बाल क्लव सञ्जालहरूको लागि एक दिने कार्यशाला

संखुवासभा जिल्लामा कार्यक्षेत्रका नुनढाकी, वाना, सित्तलपाटी, धुपु र मत्स्यपोखरीमा बाल क्लव सञ्जालहरुको लागि एक दिने कार्यशाला कार्यक्रम सम्पन्न गरीयो । बिभिन्न मिति र समयमा संचालित कार्यक्रम वास्तवमा वालवालिकाको लागी महत्वपुर्ण भएको सहभागी विद्यार्थीहरुले बताएका छन् । उनीहरुले यो अन्तरक्रिया बाट वालवालिकाको अधिकार, वालसंरक्षण तथा सम्वर्द्धन, वालहिंसा र दुर्व्यवहारको अवस्था साथै राज्यले व्यवस्था गरेको बजेट तथा वाल वालिकाहरुका कानुन जस्तो महत्वपुर्ण विषयमा छलफल तथा अन्रक्रिया भएकोले सहभागीहरुलाई उपलब्धिमुलक भएको थियो । कार्यक्रमबाट वालवालिकाको शिर्षकमा विनियोजन हुने वजेटको बारेमा जानकारी गराउनुका साथै बालबालिकाहरुले कसरी योजना निमार्ण गर्न सकिन्छ भन्ने बारेमा समेत सहजिकरण गरीएको थियो । वालवालिकाहरुले स्थानिय स्तरमा वालविवाह हुने गरेको हुंदा आगामी दिनमा वालविवाह हुन नदिन प्रयत्नशील रहने र आवस्यकता परेको कानुनको समेत साथ लिनु पर्ने रहेछ भन्ने जानकारी समेत प्राप्त गरेका छन् । जुन कार्यक्रममा महिला ७६ जना र पुरुष ८० जना समेत १५६ जनाको सहभागिता रहेको थियो ।

### ५. भित्ते पत्रिका प्रकाशन तथा पुस्तकालय ब्यवस्थापन तालिम सम्पन्न

समाज स्पर्श समिति चैनपुर र मानव अधिकार मञ्च नेपाल इलामको साझेदारीमा संचालित बाल अधिकार तथा शान्ति शिक्षा कार्यक्रम अन्तर्गत गठन तथा पुनर्गठन भएका बाल क्लबहरुका पदाधिकारी तथा प्रतिनिधिहरु र संरक्षक शिक्षहरुको लागि २ दिने भित्ते



पत्रिका प्रकाशन र पुस्तकालय व्यवस्थापन तालिम सम्पन्न गरीयो । तालिममा भित्ते पत्रिका प्रकाशनको बारेमा केन्द्रीय बाल कल्याण समितिका सहजकर्ता सुमन अधिकारीले सहजिकरण गर्नु भयो भने पुस्तकालय व्यवस्थापन सम्बन्धमा शारदा मा बि का शिक्षक चन्द्र बहादुर तामाङले सहजिकरण गर्नु भएको थियो । बालिका ५ जना, बालक ९ जना र शिक्षक पुरुष ४ जना समेत १८ जनाको सहभागिता रहेको थियो । तालिम पश्चापत सहभागिहरुले भित्ते पत्रिका नियमित प्रकाशन गर्ने र पुस्तकालयलाई व्यवस्थित गर्ने प्रतिबद्धता जनाएका छन् ।

## ६. कार्यक्रम बहिरगमन बैठक सम्पन्न

संखुवासभा जिल्लामा समाज स्पर्श समिति चैनपुर र मानव अधिकार मञ्च नेपाल इलामको साझेदारीमा संचालित बाल अधिकार तथा शान्ति शिक्षा परियोजनाको पहिलो चरणमा संचालित कार्यक्षेत्रका ५ वटा गाबिस तथा बिद्यालयबाट बहिरगमन हुने भएको हुंदा उक्त क्षेत्रमा १ दिने भेलाको आयोजना गरी सहभागितामुलक बिधि र प्रकृयाद्वारा कार्यक्रमको समिक्षा गर्दै प्राप्त उपलब्धिहरुको समिक्षा गरी कार्यक्रमको दिगोपनाको लागि आवस्यक छलफल समेत गरीयो । उक्त कार्यक्रमबाट सामाजिक संघ संस्थाहरुले समुदायमा कार्यक्रम संचालन गर्ने तर फेज आउट भएर जाँदा कसैलाई पनि जानकारी नहुने प्रथाको अन्त गरेको छ । कार्यक्रमको समापन सँगै आगामी दिनमा पनि कार्यक्रमलाई निरन्तरता दिन कार्ययोना निर्माण गर्ने कार्यको थालनी समेत भएको छ । बिभिन्न मिति र समयमा संचालित उक्त कार्यक्रममा महिला ५७ जना र पुरुष ९० जना समेत जम्मा १४७ जनाको सहभागिता रहेको थियो ।

## ७. बालबालिकाहरुको क्षमता विकास तालिम सम्पन्नः

संखुवासभा जिल्लाको वाना, सित्तलपाटी, मत्स्यपोखरी, धुपू र नुनढाकी गाविसहरुमा बालबालिकाहरुको लागि ३ दिने क्षमता विकास तालिम विभिन्न समय र मितिमा सम्पन्न भएको छ । तालिममा खप्टुवा मावि वाना, जनता मावि सित्तलपाटी, सरस्वती मावि मत्स्यपोखरी, जनज्योती मावि धुपू र सिँहदेवी मावि नुनढाकीका वालक्लवका सबै पदाधिकारीहरु र छिमेकी विद्यालयका वालक्लवबाट पनि सहभागी गराईएको



थियो । तालिमको उद्घाटनमा गा.वि.स.का प्रतिनिधिहरु, प्रधान संरक्षकहरु, संरक्षक शिक्षकहरु र गाउ वाल संजालका प्रतिनिधि वि.व्य.स प्रतिनिधि समेतको उपस्थिति रहेको थियो । तालिमको उद्घाटन प्र. संरक्षकहरुले गर्नु भएको थियो । यो ३ दिनको तालिम अति प्रभावकारी तथा हाम्रो लागि महत्वपूर्ण र नयाँ तालिम भएको सहभागी विद्याथीहरुले वताएका छन् । उनीहरुले सिकेका र वुझेका कुराहरु विद्यालयमा अरु साथीहरुमा पनि सेयर गर्ने कुरा समेत वताएका छन् । तालिम पश्चात् विदयार्थीहरुले वालअधिकार सम्वन्धि राष्ट्रिय,अन्तराष्ट्रिय कानुनको वारेमा, वालक्लव र वालवालिकाहरुको काम कर्तव्य र जिम्मेवरीको वारेमा यसैगरि वालदुर्व्यवहर,शान्ति शिक्षा तथा विद्यालयलाई शान्ति क्षेत्र घोषणा किन ? वालमैत्री स्थानिय शासन वारेमा, स्थानिय निकाय संग वालक्लव,वालसंजालको सम्वन्धको वारेमा, स्थानिय निकायवाट छुट्टिने वालवालिकाहरुको नामको बजेटको वारेमा र नेपालको संविधान २०७२ मा वालवालिकाको अधिकार वारे जानकारी पाएको बताएको छन् ।। बिभिन्न मिति र समयमा संचालित उक्त कार्यक्रममा महिला ४६ जना र पुरुष ४७ जना समेत जम्मा ९३ जनाको सहभागिता रहेको थियो ।



## ८. अतिरिक्त क्रियाकलापको लागि सहयोग सम्पन्नः

संखुवासभा जिल्लाको वाना, सित्तलपाटी, मत्स्यपोखरी, धुपू र नुनढाकी गाविसहरुको खप्टुवा मावि वाना, जनता मावि सित्तलपाटी, सरस्वती मावि मत्स्यपोखरी, जनज्योती मावि धुपू र सिँहदेवी मावि नुनढाकीमा विभिन्न समय र मितिमा अतिरित्त क्रियाकलाप सञ्चालन गर्नका निमित्त १० हजार सहयोग गरिएको छ । मानव अधिकार मञ्च इलाम नेपाल र समाज स्पर्श समिति चैनपुरको संयुक्त साझेदारीमा सञ्चालित बाल अधिकार तथा शान्ति शिक्षा कार्यक्रम मार्फत रकम उत्त स्कुलहरुलाईलाई सहयोग गरिएको हो । बालबालिकाहरुको शारीरिक, मानसिक , बौद्धिक र संवेगात्मक विकासमा सहयोग पुऱ्याउनका निम्ति अतिरित्त क्रियाकलाप विद्यालयमा आवश्यक छ भन्ने कुरालाई मनन गर्दै कार्यक्रमले उत्त विद्यालयलाई रकम सहयोग गरेको हो । उक्त सहयोग रकमले विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता, निबन्ध प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, नृत्य प्रतियोगिता जस्ता बालबाललिकाको क्षमतामा प्रत्यक्ष रुपमा विकास पुग्ने प्रकृतिका कार्यक्रमहरु गरिएको उक्त विद्यालयहरुकाका संरक्षक शिक्षकहरुले जानकारी दिनुभएको छ ।

## ९. पुस्तक, दराज र प्राथमिक उपचार बाकस सहयोग सम्पन्नः

संखुवासभा जिल्लाको वाना, सित्तलपाटी, मत्स्यपोखरी, धुपू र नुनढाकी गाविसहरुको खप्टुवा मावि वाना, जनता मावि सित्तलपाटी, सरस्वती मावि मत्स्यपोखरी, जनज्योती मावि धुपू र सिँहदेवी मावि नुनढाकीमा विभिन्न समय र मितिमा पुस्तकालयको लागि पुस्तकहरु, पुस्तक राख्ने दराज र प्राथमिक उपचारका सामग्रीहरु राख्ने बाकस सहयोग गरिएको छ । सबै



गरिएको हो । बाल अधिकार तथा शान्ति शिक्षा कार्यक्रमले यसरी सहयोग गरेकोमा विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, शिक्षक एवं विद्यार्थी समेतले खुसी प्रकट गरेका छन । यसैगरि विद्यालयका बाल क्लबहरुलाई प्राथमिक उपचार बाकस पनि प्रदान गरिएको छ। विद्यालय क्षेत्रभित्र घट्न सक्ने विभिन्न प्रकारका सामान्य शारिरीक

विद्यालयहरुलाई विभिन्न विद्याका ४२ थान पुस्तकहरु उपलब्ध गराईएको छ । विद्यार्थीहरुको रचनात्मक ज्ञानको वृदि गर्न, मानसिक र वौद्धिक ज्ञानको वृदि गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले पुस्तकहरु वितरण गरिएको हो । यसैगरि बालबालिकाहरु आफ्ना अधिकारका बारेमा सचेत होस भन्ने अभिप्रायले बाल अधिकरसंग सम्बन्धित पुस्तकहरु पनि बितरण गरिएको छ । यसैगरि उक्त पुस्तकहरु राख्न सहजताको लागि भनेर दराज समेत सबै विद्यालयहरुलाई वितरण

घटनाहरुलाई मध्यनजर गर्दै त्यस्ता घटनाहरु घटिहालेमा रोकथामका निम्ति प्रयोग गरिने औषधिहरु राख्नका लागि दुई हजार बराबरको बाकस प्रदान गरिएको हो । समाज स्पर्श समितिको यस्ता सकरात्मक कार्य ज्यादै प्रशंसनीय रहेको कुरा उल्लेख गर्दै आउने दिनहरुमा पनि यस्तै सहयोगी कार्यहरु गर्दै जाने कुरा विद्यालयका प्रअ हरुले मन्तव्यको रुपमा व्यक्त गर्नुभएको छ ।

## चुट्किला

**भरत आले मगर्र**

शिक्षक र विद्यार्थी विचको कुराकानी

शिक्षक: तिमीहरुले राम्रो काम गऱ्यौ भने पछि तिमीहरुको नाम अमर रहनेछ ।

विद्यार्थी: मनमा जिज्ञासा जागेछ,अनि सोध्यो, त्यसो भए मेरो पुरानो नाम के गर्ने नि सर?????

एक दिन वकिल, डाक्टर र चोर यमलोकमा पुगेछन्, अनि यमराजले सोधेछन्,

यमराज: तिमीहरु के बन्न चाहन्छौ?

वकिल: म त दुनिया कै चर्चित वकिल बन्न चाहन्छु।

डाक्टर: म पनि दुनिया कै चर्चित डाक्टर बन्न चाहन्छु।

यमराज: अनि तँ चाहिं के बन्न चाहन्छस्?

चोर: मलाई मात्र यिनीहरुको ठेगाना दिए पुग्छ।

विद्यालय: श्री भारती मा. वि, कक्षा- ८, चुङमाङ ५, धनकुटा

# परियोजना अन्तर्गतका गतिविधिहरु

## ताप्लेजुङ जिल्ला

### १. पुस्तकालय व्यवस्थापन तथा बाल भित्तेपत्रिका प्रकाशन सम्बन्धी तालिम

किन्डरमिसनरेक जर्मनीको आर्थिक सहयोग र मानव अधिकार मञ्च, नेपाल इलामको बाल अधिकार तथा शान्ति शिक्षा परियोजना अर्न्तगतको ३ दिने पुस्तकालय व्यवस्थापन तथा बाल भित्तेपत्रिका प्रकाशन सम्बन्धि तालिम जेठ ३ गते सम्पन्न भयो। तालिम परियोजनाको साझेदारी संस्था वातावरण संरक्षण तथा विकास मञ्च (ECDF), ताप्लेजुङको आयोजनामा सम्पन्न भएको थियो। तालिममा जिल्लाका ५ वटा विद्यालयका बाल क्लबका दुई र संरक्षक शिक्षक सहभागी भएका थिए। सहभागी विद्यालयमा सिनाम मावि, शारदा मावि, चाक्सिबोटे मावि, खाम्लुङ मावि र सूर्यदेवी मावि रहेका छन्। संरक्षक र बाल क्लवका दुई दुई जना विद्यार्थी गरी जम्मा १५ जनाको सहभागितामा तालिम जेष्ठ २ र ३ गते सञ्चालन भएको थियो। तालिममा मञ्चका अध्यक्ष श्री कुमार सिवाको अध्यक्षता तथा जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारी चैतन्य प्रसाल निरौलाको प्रमुख आथित्यता र संस्थाको स्रोत तथा व्यवस्थापन संयोजक चन्द्रप्रकाश भट्टराईको उपस्थीतिमा कार्यक्रम सम्पन्न भएको हो। तालिमको उद्घाटन जिल्ला शिक्षा अधिकारी निरौलाले मैन बत्ति बालेर गरेका थिए। कार्यक्रममा स्वागत तथा तालिमको बारेमा फिल्ड एक्टिभिष्ट मदन गौतम र कार्यक्रमको बारेमा, उद्देश्य तथा औचित्य माथि संस्थाका स्रोत व्यवस्थापक संयोजक भट्टराईले प्रष्ट्याएका थिए। जिल्ला शिक्षा अधिकारी चैतन्य प्रसाद निरौलाले तालिमले विद्यालयमा अव्यस्थित रहेका पुस्तकहरुको उचित व्यवस्था, पुस्तकालय व्यवस्थापन तथा बाल भित्ते पत्रिकाले विद्यार्थीहरुको चौतर्फि विकासका निम्ति उपयोगी, सान्दर्भिक तथा आवश्यक रहेको भन्दै शुभकामना मन्तव्य व्यक्त गरेका थिए। बाल बालिकाको हक हित सुनिश्चिता, बाल बालिकाहरुको क्षमता बृद्धिको र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा यस संस्थाले ठूलो भूमिका खेल्दै सहयोग गरेको भन्दै साझेदारी संस्था र सहयोगी संस्था सवैलाई धन्यबाद समेत व्यक्त गरेका थिए। तालिममा संस्थाको परिचय, बाल अधिकार, पुस्तकालयको आधारभूत जानकारी, यसको व्यवस्थापन, बालभित्ते पत्रिकाको बारेमा, भित्ते पत्रिका प्रकाशन र यसमा ध्यान दिनु पर्ने सवालमा विद्यालय स्तरमा पुस्तकालयको व्यवस्थापन, पुस्तकालयको उचित स्थापनाको र समाचार तथा भित्ते पत्रिका प्रकाशनको ज्ञान सीप प्रबर्द्धन गर्ने उद्देश्यले बाल क्लवको प्रमुख पदाधिकारी र संरक्षक शिक्षकहरुको सहभागितात्मक, सक्रियता र प्रभावकारी रुपमा



छलफल गरिएको थियो । सहभागीहरुले आफूहरुले अपेक्षा गरेभन्दा फरक र अत्यावश्यक विषयमा छलफल भएका विचार व्यक्त गर्नुका साथै आफूले सिकेका ज्ञानलाई व्यवहारमा समेत लागूगर्ने समेत प्रतिबद्धता प्रकट गरेका थिए । तालिममा संस्थाका सह(सचिव दिपेन्द्र प्रसाद सुवेदी र कान्तिपुर संबादाता आनन्द गौतमको सहजिकरण गरेका थिए ।



## २. कार्यक्रम बहिरगमन बैठक सम्पन्न

किन्डरमिसनरेक जर्मनीको आर्थिक सहयोग मानव अधिकार मञ्च, नेपाल इलामको परियोजना, वातावरण संरक्षण तथा विकास मञ्च (ECDF), ताप्लेजुङले सञ्चालन गरेको बाल अधिकार तथा शान्ति परियोजना अन्तर्गतको Exit Strategy and Sustainability Workshop at School सम्बन्धिको कार्यशाला क्रमश: शिरिजंङ्घा गाउँपलिका वडा ३ साविकको सिकैचा गाविसको सरस्वती माविमा प्रध्यानाध्यापक. चिरञ्जीवी पौडेलको अध्यक्षतामा जेठ १० गते, फुङ्लिङ नगरपालिका वडा ११ साविकको फावाखोला गाविसको सिम्बु माविमा संरक्षक शिक्षक किरण घितालको अध्यक्षतामा जेठ ११ गते, याङ्वरक गाउँपालिका वडा ३ साविकको तिरिङ्गे गाविसको बाल संरक्षक तथा सम्बर्द्धन उपसमितिको अध्यक्ष शिवकुमार दाहालको अध्यक्षतामा १२ गते, आठराई त्रिवेणी गाउँपालिका वडा ४ ,५ साविकको चाँगे गाविसको माविका बाल संरक्षक शिक्षक दुर्गाप्रसाद निरालौको अध्यक्षतामा, मिक्वाखोला गाउँपालिका वडा १, २ साविकको खोक्लिङ गाविसको मोति माविका बाल संरक्षक शिक्षक झरेन्द्र थापाको अध्यक्षतामा, फक्ताङ्लुङ गाउँपालिका वडा ३ साविकको लिङ्खिम गाविसको सिवा माविका बाल संरक्षक शिक्षक दिपेन्द्र खतिवडाको अध्यक्षता, याङ्वरक गाउँपालिका वडा १ साविकको नाङ्खोल्याङ गाविसको कालिका माविका बाल संरक्षक शिक्षक भक्ति प्र. निरौलाको अध्यक्षतामा, फुङ्लिङ नगरपालिका वडा ७, ८ साविकको दोखु गाविसको सिद्धकाली माविका बाल संरक्षक शिक्षक हेमराज निरौलाको अध्यक्षतामा, फुङ्लिङ नगरपालिका वडा ९ साविकको हाङ्देवा गाविसको जनता माविका नि. प्र.अ. तिलकनाथ उपाध्यायको अध्यक्षतामा सम्पन्न भएका छन् ।

कार्यशालामा स्थानीय तहका राजनीतिक दलको प्रतिनिधि, गाउँ स्तरीय वाल संरक्षण तथा सम्बर्द्धन उप समिति, बाल क्लवका सदस्य र सरोकारवालाहरुको उपस्थिति रहेको थियो । कार्यशालामा कार्यक्रमको क्रियाकलापहरुको बारेमा छलफल, कार्यक्रम पश्चात VCPC, CC, विद्यालय तथा स्थानीय सरोकारवालाहरुले गरेको सकरात्मक प्रयासहरु, चुनौतिहरु, उपलब्धि तथा सिकाई र बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि निरन्तरता र दिगोपनाको लागि ब्यापक छलफल गरी बार्षिक कार्ययोजना समेत तयार बनाई सहभागीताको विषयमा छलफल भयो । प्र.अ., ख्क्ष्एक्ष्, क्ष्क्ष्, विद्यालय तथा स्थानीय सरोकारवालाहरुले बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि विद्यार्थीहरुको चौतर्फी विकासका निम्ति उपयोगी, सान्दर्भिक तथा आवश्यक रहेको

भन्दै शुभकामना मन्तव्य ब्यक्त गरेका थिए । बाल बालिकाहरुको हक हित सुनिश्चिता, बाल बालिकाहरुको क्षमता विकास र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा यस संस्थाले ठूलो भूमिका निर्वाह गरेर सहयोग पुऱ्याएको भन्दै साझेदारी संस्था र सहयोगी संस्था सवैलाई धन्यबाद समेत ब्यक्त गरेका थिए । आगामी दिनमा बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको दिगोपनाको लागि निरन्तर क्रियाशिल रही कार्यन्वयन गर्न प्रतिवद्ध समेत ब्यक्त गरेका थिए ।

### ३. संरक्षक शिक्षकहरसंगको बैठकः

किन्डरमिसनरेक जर्मनीको आर्थिक सहयोग मानव अधिकार मञ्च, नेपाल इलामको बाल अधिकार तथा शान्ति शिक्षा परियोजना वातावरण संरक्षण तथा विकास मञ्च (ECDF), ताप्लेजुङको आयोजनामा संरक्षक शिक्षक बैठकमा संस्थाका श्री कुमार सिवाको अध्यक्षतामा र शिरिजङ्गा गाउँपालिका वडा १ सिनाम माविका संरक्षक शिक्षक, याङ्वरक वडा ६ शारदा मावि थुम्बेदिनका संरक्षक शिक्षक, याङ्वरक वडा ५ चाक्सिबोटे माविका संरक्षक शिक्षक, मेरिङ्देन वडा २ सूर्यदेवि मावि सान्थक्रा र वडा ३ पृथ्वी मावि खाम्लुङका संरक्षक शिक्षकहरु गरी जम्मा ९ जनाको उपस्थितिमा जेष्ठ १४ गते सम्पन भयो । बैठकमा कार्यक्रमको क्रियाकलापहरुको बारेमा छलफल, कार्यक्रम पश्चात ख्ऋएऋ, ऋऋ, विद्यालय तथा स्थानीय सरोकारवालाहरुले गरेको सकरात्मक प्रयासहरु, चुनौतीहरु, उपलब्धि तथा सिकाई र बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि निरन्तरता र दीगोपनाको लागि ब्यापक ललफल गरी बार्षिक कार्ययोजना समेत तयार बनाई सहभागीतात्मक रुपले छलफल भएको थियो । नयाँ संरचना अनुसार आ(आफ्नो गाउँपालिकाको अधिकार सम्पन्न स्थानीय तहमा ख्ऋएऋ, ऋऋ, विद्यालय, स्थानीय सरोकारवालाहरु तथा राजनीतिक दलहरुसँग निरन्तर सहकार्य, समन्वय तथा सदभाव राखेर सक्रियताका साथ अघि बढिरहने प्रत्येक विद्यालयका संरक्षक शिक्षकहरुले प्रतिबद्धता जाहेर ब्यक्त गर्दै बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि विद्यार्थीहरुको चौतर्फी विकासमा, बाल बालिकाहरुको हक हित सुनिश्चिताको लागि, बाल बालिकाहरुको क्षमता बृद्धिको लागि र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा यस संस्थाले ठूलो भूमिका खेल्दै सहयोग गरेको भन्दै साझेदारी संस्था र सहयोगी संस्था सवैलाई धन्यबाद समेत ब्यक्त गरेका थिए । आगामी दिनमा बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनको दिगोपनाको लागि निरन्तर क्रियाशिल रही कार्यन्वयन गर्न प्रतिवद्ध समेत ब्यक्त गरेका थिए । उक्त बैठकमा संस्थाका कार्यक्रम निर्देशक अम्बिका हाङ्बाङले विषयवस्तु माथि सहजिकरण गरेका थिए ।

### ४. पत्रकारहरुसंगको १ दिने समिक्षात्मक गोष्ठी :

मानव अधिकार मञ्च (हुर्फ) नेपाल इलामको साझेदारीमा र किन्डरमिसनरेक जर्मनीको आर्थिक सहयोगमा सञ्चालित बाल अधिकार तथा शान्ति परियोजना वातावरण संरक्षण तथा विकास मञ्च ९भ्ऋम्ँ०, ताप्लेजुङको आयोजनामा पत्रकारसँगको १ दिने समिक्षात्मक गोष्ठी भएको छ । गोष्ठीमा जिल्लाको स्थानीय एफ.एम. तथा विभिन्न पत्रकारहरुको उपस्थितिमा असार १० गते गोष्ठी भएको थियो । कार्यक्रमा १५ जनाको सहभागितामा रहेको थियो । गोष्ठी संस्थाका अध्यक्ष श्री कुमार सिवाको अध्यक्षता



तथा नेपाल पत्रकार महा संघ ताप्लेजुङका अध्यक्ष श्री राजेन्द्र श्रेष्ठको प्रमुख अतिथिमा गोष्ठी सम्पन्न भयो । कार्यक्रममा स्वागत तथा तालिमको बारेमा फिल्ड एक्टिभिष्ट मदन गौतमले र कार्यक्रमको बारेमा, उद्देश्य तथा औचित्य माथि संस्थाका स्रोत व्यवस्थापक संयोजक भट्टराईले प्रष्ट्याउनु भएको थियो । प्रमुख अतिथि राजेन्द्र श्रेष्ठले बाल बालिकाहरको क्षेत्रमा काम गर्न त्यति सहज नहुने विगतका अनुभव सेयर गर्दै बालकालिकाहरुको चौतर्फी विकासका निम्ति, हक हित सुनिश्चिताको लागि, बाल बालिकाहरुको क्षमता बृद्धिको लागि र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा यस संस्थाले ठूलो भूमिका खेल्दै आइरहेको भएपनि जिल्ला बाल कल्याण समिति, महिला तथा बाल बालिका कार्यालय साथै अन्य जिल्ला स्तरीय स्थानीय सरोकारवालहरुसँग सदैव सहकार्य गरी कार्यक्रमलाई अझ प्रभावकारी, उपलब्धिमूलक र सफलतापूर्वक कार्यसफलताको शुभकामना समेत ब्यक्त गरेका थिए । उपस्थित सहभागीहरुले यो कार्यक्रम हाम्रो जिल्लामा केही वर्ष अगाडी देखि सञ्चालन रहेपनि कार्य क्षेत्र भने कम रहेको भन्दै सकेसम्म सवै क्षेत्रमा पुऱ्याउन सके अति राम्रो र रेडियो कार्यक्रमहरु पनि सवै स्थानीय एफ.एम.हरुमा प्रसारण गर्न पाए अझ प्रभावकारी हुन्थ्यो भन्ने अपेक्षा समेत राखेका थिए । समिक्षा गोष्ठीमा कार्यक्रमको समग्र क्रियाकलापहरुको उपलब्धिहरु, प्रगति तथा चुनौतिहरुको बारेमा जिल्ला कार्यक्रम संयोजक मन प्रसाद नाल्बोले गरेको प्रस्तुतीकरणमा सहभागितात्मक, सक्रियता र प्रभावकारी रुपमा छलफल गरी सम्पन्न भएको थियो ।

## ५. जिल्ला स्तरीय सरोकारवालाहरुसंगको समिक्षात्मक गोष्ठी :

मानव अधिकार मञ्च (हुर्फ) नेपाल इलामको साझेदारीमा र किन्डरमिसनरेक जर्मनीको आर्थिक सहयोगमा सञ्चालित बाल अधिकार तथा शान्ति शिक्षा परियोजना वातावरण संरक्षण तथा विकास मञ्च ९भ्क्रम्ँ०, ताप्लेजुङको आयोजनामा जिल्ला स्तरीय सरोकारवालासँगको समिक्षात्मक गोष्ठी सम्पन्न भएको छ । कार्यक्रममा जिल्लाको प्रमुख सरोकारवालाहरु, स्थानीय राजनीतिक दलहरु र स्थानीय सञ्चार कर्मीहरुको उपस्थितिमा असार ३० गते कार्यक्रम सम्पन्न भएको छ । गोष्ठीमा २४ जनाको सहभागितामा रहेको थियो । गोष्ठीमा संस्थाका अध्यक्ष श्री कुमार सिवाको अध्यक्षतामा, फुङ्लिङ नगरपालिकाको कार्यालयका नगर प्रमुख छत्रपति प्याकुरेलको प्रमुख आतिथ्यता, जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारी नरबहादुर खड्का, जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी नरहरि भण्डारी र महिला तथा बालबालिकाको कार्यालायका महिला विकास अधिाकारीको विशिष्ट अतिथिमा तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा स्वागत तथा कार्यक्रमको बारेमा, उद्देश्य तथा औचित्य



माथि संस्थाका स्रोत व्यवस्थापक संयोजक चन्द्र प्रकाश भट्टराईले प्रष्ट्याउनु भएको थियो । प्रमुख अतिथि छत्रपति प्याकुरेल र विशिष्ट अतिथि नरबहादुर खड्काले शैक्षिक गुस्तर सुधारको लागि जिल्ला स्तरकै राम्रो विद्यालय तथा बाल क्लवहरुमा अन्तर विद्यालय स्तरीय शैक्षिक भ्रमण गराएर अनुभवहरु आदान प्रदान गरेर कार्यक्रमलाई धेरै क्षेत्रमा सचेतना र प्रभावकारी कार्यन्वयनमा टेवा पुग्ने सुझाव दिदै बालकालिकाहरुको चौतर्फि विकासका निम्ति, बाल अधिकारको सुनिश्चिताको लागि, बाल बालिकाहरुको क्षमता बृद्धिको लागि र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा यस संस्थाले ठूलो भूमिका खेल्दै आइरहेको भएपनि जिल्ला बाल कल्याण समिति, महिला तथा बाल बालिका कार्यालय साथै अन्य जिल्ला स्तरीय स्थानीय सरोकारवालहरुसँग र राजनीतिक दलहरुसँग सदैव सहकार्य गरी कार्यक्रमलाई अझ प्रभावकारी, उपलब्धिमूलक र सफलतापूर्वक कार्यसफलताको शुभकामना समेत व्यक्त गरेका थिए । अन्य उपस्थित सहभागीहरुले यो कार्यक्रम हाम्रो जिल्लामा केही वर्ष अगाडी देखि सञ्चालित भएपनि कार्य क्षेत्र भने कम रहेको भन्दै सकेसम्म सवै क्षेत्रमा पुऱ्याउन सके अति राम्रो र रेडियो कार्यक्रमहरु पनि सवै स्थानीय एफ.एम.हरुमा प्रसारण गर्न पाए अझ प्रभावकारी हुन्थ्यो भन्ने सञ्चार कर्मी र राजनीतिक दलहरुले अपेक्षा समेत राखेका थिए । समिक्षा गोष्ठीमा कार्यक्रमको समग्र क्रियाकलापहरुको उपलब्धिहरु, प्रगति तथा चुनौतिहरुको बारेमा जिल्ला कार्यक्रम संयोजक मन प्रसाद नाल्बोले गरेको प्रस्तुतीकरणमा सहभागितात्मक, सक्रियता र प्रभावकारी रुपमा छलफल गरी सम्पन्न भएको थियो ।



### ६. उत्कृष्ट बाल क्लवलाई पुरस्कृत कार्यक्रम :

मानव अधिकार मञ्च (हुर्फ) नेपाल इलामको साझेदारीमा र किन्डरमिसनरेक जर्मनीको आर्थिक सहयोगमा सञ्चालित बाल अधिकार तथा शान्ति शिक्षा परियोजना वातावरण संरक्षण तथा विकास मञ्च ९भ्क्रम्ँ०, ताप्लेजुङको उत्कृष्ट बाल क्लवलाई पुरस्कृत गर्ने कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको जिल्ला स्तरीय सरोकारवालाहरुसँगको समिक्षासँगै जिल्लाको प्रमुख सरोकारवालाहरु, स्थानीय राजनीतिक दलहरु र स्थानीय सञ्चारकर्मीहरुको उपस्थितिमा सम्पन्न भएको छ । कार्यक्रम २४ जनाको सहभागितामा असार ३० गते सम्पन्न भएको थियो । गोष्ठीमा संस्थाका अध्यक्ष श्री कुमार सिवाको अध्यक्षतामा, फुङ्लिङ नगरपालिकाको कार्यालयका नगर प्रमुख छत्रपति प्याकुरेलको प्रमुख आतिथ्यता, जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारी नरबहादुर खड्का, जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी नरहरि भण्डारी र महिला तथा बालबालिकाको कार्यालायका महिला विकास अधिाकारीको विशिष्ट अतिथिमा तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा समिक्षात्मक गोष्ठी सम्पन्न भयो । कार्यक्रममा स्वागत तथा कार्यक्रमको बारेमा, उद्देश्य तथा औचित्य माथि संस्थाका स्रोत व्यवस्थापक संयोजक चन्द्र प्रकाश भट्टराईले प्रष्ट्याउनु भएको थियो । यस कार्यक्रममा प्रमुख अतिथि छत्रपति प्याकुरेलले गाउँपालिका वडा

६ मा स्थित शारदा मावि थुम्बेदिनका शारदा बाल क्लव संरक्षक शिक्षक डेगिन्द्र सिलवाललाई नगद पुरस्कार प्रदान गर्नु भएको थियो भने विशिष्ट अतिथि नरबहादुर खड्काले  बाल क्लवका अध्यक्ष निश्चल अधिकारीलाई प्रशंसा पत्र प्रदान गर्नु भएको थियो। प्रमुख अतिथि प्याकुरले र विशिष्ट अतिथि खड्काले शैशिक गुस्तर सुधारको लागि जिल्ला स्तरकै राम्रो विद्यालय तथा बाल क्लवहरुमा अन्तर विद्यालय स्तरीय शैक्षिक भ्रमण गराएर अनुभवहरु आदान प्रदान गरेर कार्यक्रमलाई धेरै क्षेत्रमा सचेतना र प्रभावकारी कार्यन्वयनमा टेवा पुग्ने सुझाव दिदै बालकालिकाहरुको चौतर्फि विकासका निम्ति, बाल अधिकारको सुनिश्चिताको लागि, बाल बालिकाहरुको क्षमता बृद्धिको लागि र बाल मैत्री तथा शान्ति शिक्षा प्रबर्द्धनमा बाल क्लवको ठूलो भूमिका तथा जिम्मेवारी रहेको यस कार्यक्रमबाट पुरुस्कृत हुने याङवरक गाउँपालिका वडा ६ मा स्थित शारदा मावि थुम्बेदिनका बाल क्लवले यसरी नै आगामी दिनहरुमा निरन्तर उन्नति, प्रगति तथा सफलताको शुभकामना दिदै यसरी सहयोगी संस्था, जिल्ला बाल कल्याण समिति, जिल्ला शिक्षा कार्यालय, महिला तथा बाल बालिका कार्यालय साथै आफ्नो विद्यालयसँग नियमित  सहकार्य लिएर उपलब्धिमूलक र सफलतापूर्वक कार्यसफलताको शुभकामना समेत दिएका थिए।

## सफलताको कथा



साविक हाङ्गुम गा.वि.स. वड नं. ४ तथा नयाँ संरचना अनुसार तुम्बेवा गाउँपालिका वडा नं. ५, पाँचथरमा पिता बेलनध्वज कुरुङबाङ र माता भद्रमाया शेर्माको ५ औं पुत्रको रुपमा निम्न वर्गिय परिवारमा इन्द्रराज कुरुङ्गबाङको जन्म मिति वि.सं. २०५६ साउन २१ गते मा भएको थियो। विपन्न परिवारमा जन्मन पुगेको इन्द्रको बाल्यकाल खासै सुखमय हुन सकेन। छ जना दाजु भाइ र दुई जना चेलीहरु सहितको परिवारमा उनको पालपोषण स्याहार, संभार उचित ढंगले हुन पाएन। अरु दाजु दिदीको झै उनको बाल्यकाल सुगुँरका पाठा र बाखाको पाठाको पछिपछि कुददै बित्यो। दुर्गम पहाडी गाउँमा शिक्षाको महत्व बुझ्ने मान्छेहरु त्यति धेरै कहाँ हुन्छन् र ? पढाइलाई भन्दा खेतीपाती र बस्तुभाउमै मानिसहरुको बढी ध्यान जान्छ। यस्तो प्रतिकुल परिस्थितिलाई चिर्दै इन्द्रराज नजिकैको वडा नं. ४ को मौलोबुङ आधारभुत विद्यालयमा भर्ना भइ पठन पाठनगर्न थाले घरबाट विद्यालय सम्म पुगन उनलाई आधा घण्टा हिडेर जानु पर्दथ्यो।

प्राथमिक तहमा पढदै देखि उनले बालक्लको बारेमा सुनेका थिए तर बालक्लब के हो भन्ने बारेमाबुझेको थिएनन्। रेडियोमा बालबालिकाले फरररर बोलेको सुनेर, राम्रा राम्रा गित र कविता बाचन गरेको सनेर उनलाई आफु पनि त्यस्तै बन्ने रहर थियो तर त्यो रहर केवल रहरमै सिमित थियो। उनले कुनै अवसर पाएको थिएनन्। दुर्गम गाउँको विद्यालयमा त्यस्तो अवसर पनि कहाँ हुन्थ्यो र ? विद्यालय जानु भन्दा अगाडि एक डोको घाँस नकाटी हुदैनथ्यो भने विद्यालयबाट फर्किएर घर पुगेपछि पनि घाँस काट्नु पर्दथयो।

स्थानिय विद्यालयबाट आठ कक्षा पास गरेर माध्यमिक शिक्षा अध्ययन गर्नको लागि जब उनी श्री इन्द्रावती मा.वि. हाँङ्गुम आए, त्यहाँ उनलाई नयाँ अनुभूति भयो । त्यो विद्यालयमा बालक्लब थियो। बालक्लबका प्रधान संरक्षक र संरक्षक शिक्षकहरु थिए। बालक्लबको संयोगमा विभिन्न किसिमका क्रियाकलाहरु हुन्थ्यो। यी सबै गतिविधिले उनको मनमा बर्षौं देखि दविएर रहेको इच्छा र आकंसा पलाएर आए। उनी तुरुन्तै बालक्लबमा आवद्धभए।

उनी कक्षा नौ मा अध्ययनरत छँदा श्री इन्द्रावती मा.वि.मा बाल अधिकार तथा शान्ति शिक्षा कार्यक्रम लागू भयो। बाल अधिकारका विषयमा तालिम संचालन हुन थाले। उनको चेतनाको स्तर बढ्दै गयो। विभिन्न किसिमको कार्यक्रमहरुमा सहभागी हुने अवसर प्राप्त भयो। हुकोडेक नेपाल पाँचथरबाट सरहरु आएर बालक्लबका बैठक तथा गोष्ठीहरुमा नयाँ नयाँ कुराको जानकारी दिन थाले। यसरी दिन प्रतिदिन उनको व्यक्तित्वको विकास हुदै गयो। विद्यालयमा बाल पुस्तकालयको स्थापना भयो। विभिन्न स्वादका पुस्तक तथा पत्रपत्रिका पढ्ने अवसर प्राप्त भयो। जिल्ला स्तरमा भएको भित्ते पत्रिका लेखन तथा पुस्तकालय व्यवस्थापन विषयको तालिममा सहभागी हुने अवसर पाए। यसरी उनको व्यक्तित्वको उचाइबढ्दै गयो। हाल उनी निर्धक्क सँग आफ्ना कुराहरु राख्न सक्छन्। रेडियोका केटाकेटीजस्तै फररर कविता र कथा भन्न सक्छन्। विद्यालयमा हुने गतिविधिमा बालबालिकाको अगुवाइ गर्न सक्छन्। बर्षौं देखि मनको अन्तरकुनामा दविएका इच्छा आकाँक्षा पुरा भएकोमा अहिले उनी मख्ख छन्। हाल उनी इन्द्रावती मा.वि. हाङगुम को बालक्लबको अध्यक्ष पदमा रहेर नेतृत्व गरिरहेका छन्।

# म सामान्यबाट साझा व्यक्ति बनें

## सफलताको कथा

धनकुटा खाल्सा छिन्ताङ शहिदभूमि गाउँपालिका वार्डनं. ६ स्थित श्री ठाकुरदेवी माध्यमिक विद्यालयमा यसै कार्यक्रम अन्तर्गत बालक्लबको पुर्नगठन गर्नुपूर्व यस विद्यालयमा बालक्लव गठित भएतापनि सक्रिय थिएन नियमित बैठक र अतिरिक्त कृयाकलाप समेत हुँदैन थिए मलाइ विद्यालयमा आइपर्ने बालबालिकाका कतिपय समस्याका बारेमा पैरवी तथा सहयोग गर्न मन लागि रहन्थियो । तर कहिल्यै कतैबाट पनि यस सम्बन्धमा जानकारी मिलेको थिएन ।इच्छाशक्ति भयो भने अवश्यपनि अवसर प्राप्त हुनेछ भन्ने आत्मविश्वासका साथ म आफ्ना नियमित पढाई लेखाईका कार्यलाई निरन्तरता दिइरहेकी थिएँ । यसैक्रममा मानव अधिकिारमञ्च नेपाल इलाम र सामुदायिक विकासमञ्च नेपाल धनकुटाको साझेदारीमा सञ्चालित “बालअधिकार तथा शान्तिशिक्षा परियोजना” अन्तर्गत हाम्रो विद्यालयमा विभिन्न क्रियाकलाप सञ्चालन गर्ने भन्दै संस्थाबाट टिकाराम लिंखा सर र सावित्रा राई मिस आउनुभयो । बालक्लवको पुर्नगठन गर्ने समबन्धमा मैले आफै अध्यक्ष हुने इच्छा जाहेर गरेँ र सबैको समर्थनमा सर्वसम्मत म अध्यक्ष पदमा चयन भएँ ।

म अध्यक्ष भएपछि बालक्लवलाई कसरी सक्रिय बनाउने भन्ने विषयमा सधैँ चिन्तित रहे । त्यसै बखत मानव अधिकारमञ्च नेपाल इलामले बालअधिकार तथा शान्ति शिक्षा विषयक ४ दिने आवशिय तालिम धनकुटाको होटल सुरभीमा आयोजना गर्यो । त्यो तालिममा मैले सहभागी हुने अवसर प्राप्त गरेँ । चारदिने तालिम पश्चात म मा बालक्लवलाई कसरी अगाडी बढाउने ज्ञान, शिप र धारणाको विकास हुनुका साथसाथै बालक्लव दिगोपनाका लागि बालक्लवका पदाधिकारी तथा सदस्यहरु, शिक्षक अविभावकको भूमिका, शान्ति शिक्षा, भयरहित शिक्षा, बालमैत्री शिक्षा, बालमैत्री स्थानिय शासन, बालदुर्व्यवहार र यसको न्यूनिकरणको लागि स्वयम् बालबालिका, घरपरिवार, विद्यालय परिवार, स्थानिय सरोकारवालाको भूमिका जस्ता विषयहरुमा आंशिक ज्ञान हासिल भयो । अझ महत्वपूर्ण कुरा त हामी बालबालिकाको सर्वाङगीण विकासका लागि नेपाल सरकारले कुल बजेटको १० प्रतिशत रकम बालअधिकारका चार पक्षहरु बालबचाउ, बालविकास, बाल संरक्षण, बाल सहभागिताका निम्ति मात्र खर्च गर्न पाउने प्रावधान रहेछ यो विषयमा म पहिलो पटक जानकार भएँ ।म एउटा बालक्लवको अध्यक्ष भएको हैसियतले उक्त तालिम लिएर फर्के पश्चात मैले सिकेका कुरा कमश घरपरिवार, विद्यालय समुदायमा सुनाए । बालक्लवमा आवद्ध भएपछि म लगायतका अन्य मेरा साथीहरुपनि निडरताका साथ आफ्ना विचारहरु राख्न सक्ने भएका छन् । परियोजना सञ्चालन पश्चात शिक्षकहरुको सोचाइ र विद्यालयीय गतिविधिमा पनि सकरात्मक परिवर्तन आएको छ । बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रम अन्तर्गत हालसम्म सिडिएफ नेपालले विभिन्न कार्यक्रमहरु गर्नुको साथसाथै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शारिरिक, मानसिक, बौद्धिक र सम्वेगात्मक विकासका लागि अतिरिक्त कार्यकलाप सञ्चालनार्थ रु १० हजार आर्थिक सहयोग पनि गरेको थियो ।

बालक्लवको नियमित बैठक बसाउनु, बैठक तथा साथिहरुसँग बालअधिकारका विषयमा छलफल गर्नु, बालबालिकाहरुमा आइपरेका समस्याका बारेमा अग्रजहरुबाट सुझाव लिइ समधानका उपयाहरु खोजि गर्नु साथै बालबालिका, बालक्लव, शिक्षक, अविभावक, विद्यालय प्रशासन विच सामजस्यता कायम राख्नु मेरो दायित्व रहेको छ । साथै समुदायमा हुने गरेका बालविवाह, बालदुर्व्यबहार जस्ता घटनाहरुको न्यूनिकरणको लागि सचेतना जगाउने र सहजीकरण गर्ने जस्ता कार्यहरुमा पनि हाम्रो बालक्लव सकिय छ । हाल मेरै नेतृत्वमा सबै विद्यालयहरुमा बालक्लब र गाविसमा रहेका ९ वटै वार्डहरुमा वार्डस्तरीय बालक्लव र गाविसमा १ बालक्लव सँजाल निर्माण भएको छ । वार्ड परिषद, गाविस परिषदमा समग्र बालबालिकाको प्रतिनिधित्व गर्दै मैले सक्रिय सहभागीता जनाउन थालेकी छु । यो वर्ष बालबालिकाको क्षेत्रमा छुटिएको रकम बालभेला गराई सबै वार्डमा समानुपातिक रुपमा विनियोजन गरेका छौँ । यसरी बालक्लवमा आबद्ध भएर विभिन्न कामहरु गर्ने कममा धेरै कुरा सिक्दा सिक्दै बालबालिकाको नेता पो बन्न पुगेछु । मैले मेरो जिम्मेवारी सफलताका साथ निभाइरहेको अनुभुत भइरहेको छ । बालक्लवको अध्यक्ष बन्नुपुर्व र अध्यक्षको जिम्मेवारी निर्वाह गरे पश्चात साथीहरु, सर मिसहरु, अभिभावकहरु, समुदायका व्यक्तित्वहरुको हेराइमा साच्चिकै बालबालिकाको निम्ती नेतृत्वदायी भूमिका निवार्ह गर्नसक्ने व्यक्तिको रुपमा चिनिन पाएकोमा एकदमै हर्षित भएकीछु । मलाइ एउटा सामान्य व्यक्तिबाट अहिलेको साझा व्यक्तिको रुपमा स्थापित हुन अवसर प्रदान गर्नुहुने मेरा सहकर्मी साथीहरु, सर मिसहरु, अविभावकज्यूहरु साथै द्वय साझेदार संस्थाहरु कमश मानव अधिकारमञ्च नेपाल इलाम र सामुदायिक विकासमञ्च धनकुटा र सहयोगी संस्था किन्नरमिसनरेक जर्मनीप्रति हार्दिक आभार प्रकट गर्दछु ।


**आस्था राई**

अध्यक्ष आखिसल्ला बालक्लव

श्री ठाकुरदेवी माध्यमिक विद्यालय

खाल्सा छिन्ताङ शहिदभूमि गाउँपालिका धनकुटा